# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## सुनवल नगरपालिका

## नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)


प.सः २०७८।७९

च.नः १०५ — मितिः २०७८।५।४

**विषयः  लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

सुनवल नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी (व सु प) ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................

नारायण एम.सी.

( नायव महालेखापरीक्षक)

***बोधार्थः***

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**

**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(लुम्विनी, कर्णाली र सुदूरपश्चिम प्रदेश प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं १०५ मितिः २०७८।५।४

श्री प्रमुखज्यू,
सुनवल नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुनवल,, नवलपरासी (व सु प) ।

विषयः **लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु १३ करोड १६ लाख २८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८९ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड २८ लाख ४४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७ करोड ७७ लाख ५ हजार र पेश्की बाँकी रु २० लाख ८४ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ४ दफाको रु ४ लाख २६ हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ५० (पचास) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता

अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगर पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

# सुनवल नगरपालिका
## लेखापरिक्षण प्रतिवेदन
२०७६/७७

**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुनवलनगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सुनवलनगरपालिकाको उद्देश्य रहेको छ । यस सुनवलनगरपालिका अन्तर्गत १३वडा, ६८ जना सभा सदस्य, १३९.१०वर्ग किलोमिटर क्षेत्रफल तथा ६८०८२ जनसंख्या रहेको छ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | रकम | सि.नं | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ३०,९७,६०,५१८.७० |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | ३२,८९,६७,९१६.०० |
| | ख) बैंक | ११,३४,५३,९६७.४३ | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १०,५६,६८,८४३.६९ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ९,६२,७५,७९०.५९ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | | ऋण लगानी | |
| | क) वित्तिय समानीकरण अनुदान | १६,३३,००,०००.०० | | शेयर लगानी | २५,००,०००.०० |
| | ख) सशर्त अनुदान | २३,६१,१८,७६७.३२ | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | २,००,००,०००.०० | ५ | **धरौटी फिर्ता/सदरस्याहा** | १,०८,८२,९५१.०० |
| | घ) विशेष अनुदान | ३,००,००,०००.०० | ६ | **जनश्रमदान फिर्ता** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **कोष फिर्ता/खर्च** | १९,७७,४४,९०७.१५ |
| | क) वित्तिय समानीकरण अनुदान | ४९,४५,०००.०० | ८ | **मौज्दात** | |
| | ख) सशर्त अनुदान | १,०८,५९,२८६.०० | | क) बैंक मौज्दात | १४,३०,७४,१६०.३५ |
| | ग) समपुरक अनुदान | २,००,००,०००.०० | | ख) नगद मौज्दात | |
| | घ) विशेष अनुदान | ७०,००,०००.०० | ९ | **शसर्त अनुदान फिर्ता** | |
| ५ | **अन्तरस्थानीयअख्तियारी** | १५,९२,३६,५८६.९० | १० | **गत बर्षको बढी अल्या** | |
| ६ | **विभिन्न कोषतर्फको आय** | ७,०१,७९,३६१.१८ | ११ | **जनश्रमदान मौज्दात** | |
| ७ | **जनसहभागिता (नगद)** | १,२५,४१,०४१.८४ | १२ | **धरौट मौज्दात** | १,२६,८५,७५०.०० |
| ८ | **विषयगत निकायबाट प्राप्त** | | १३ | **कोष खाताको मौज्दात** | ६,७०,९७,८८२.७५ |
| ९ | **धरौटी आय** | १,८४,४७,४४१.०० | | | |
| १० | **अन्य विविध आय** | ४६,८८,०००.०० | | | |
| | **जम्मा** | **१,०७,२७,१४,०८५.९५** | | **जम्मा** | **१,०७,२७,१४,०८५.९५** |

**क्रमश**

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | **असुलः** लेखापरीक्षणको क्रममा रु ५५८९५।— र प्रारम्भिक प्रतिवेदन पश्चात रु १९२०१५।— समेत रु २४७९१०।— असुल भएको छ । | |
| १ | **ऐन कानून निर्माण एवं कार्यान्वयनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| १.१ | **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।<br>क) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार नभएका कार्यहरु<br>• एक सय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति,नविकरण,नियमनरखारेजी सम्बन्धी कार्य । | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | • प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।<br>• ट्रेकिङ्ग,कायाकिङ्ग, क्यानोनिङ्ग,बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, मोटरबोट, केबुलकार सेवालगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क निर्धारण,संकलन र व्यवस्थापन सम्बन्धी कार्य ।<br>• जडीबुटी,कवाडी र जीवजन्तु कर निर्धारण तथा संकलनको कार्य नभएको ।<br>• संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति,कानून,मापदण्ड र नियमनको कार्य ।<br>• स्थानीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण सम्बन्धी कार्य ।<br>• स्थानीय तथ्यांक सम्बन्धी नीति,कानून,मापदण्ड,योजना,कार्यान्वियन र नियमन सम्बन्धी कार्य ।<br>• विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून,मापदण्ड तर्जुमा,कार्यान्विन, अनुगमन,मूल्यांकन र नियमन तथा आयोजनाको अध्ययन,अनुसन्धान तथा प्रभाव मूल्यांकन सम्बन्धी कार्य ।<br>• संघीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास,बस्ती विकास र भवन सम्बन्धी नीति,कानून,मापदण्ड र सो सम्बन्धी योजना तर्जुमा,आयोजना पहिचान,अध्ययन, कार्यान्वयन र नियमन सम्बन्धी कार्य ।<br>• संघीय र प्रदेश स्तरीय आयोजना तथा परियोजनाको कार्यान्वियनमा समन्वय,सहजीकरण र सहयोग सम्बन्धी कार्य ।<br>• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति,अनुगमन तथा नियमन सम्बन्धी कार्य ।<br>• ट्युसन,कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमनको कार्य ।<br>• स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य ।<br>• आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वियन तथा नियमन सम्बन्धी कार्य ।<br>• स्वच्छ खानेपानी तथा खाद्यपदार्थको गुणस्तर र वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन सम्बन्धी कार्य ।<br>• स्वास्थ्यजन्य फोहोरमैला संकलन,पुनः उपयोग,प्रशोधन,बिसर्जनरसोको सेवा शुल्क निर्धारण र नियमन सम्बन्धी कार्य ।<br>• रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन गर्ने कार्य ।<br>• सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्काशित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसंग समन्वय,सहकार्यरसाझेदारी सम्बन्धी कार्य ।<br>• स्थानीय वस्तुहरुको उत्पादन,आपूर्ति तथा निकासी प्रक्षेपण,मूल्य निर्धारण र अनुगमन सम्बन्धी कार्य ।<br>• स्थानीयव्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण र स्थानीय व्यापारको तथ्यांक प्रणाली एवं अध्ययन अनुसन्धानको कार्य ।<br>• स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण,प्रवर्द्धन र अभिलेखाङ्कन सम्बन्धी कार्य ।<br>• उपभोक्ता सचेतना अभिवृद्धि तथा लक्षित उपभोक्ताको लगत व्यवस्थापन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बनको कार्य ।<br>• स्थानीय ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति,कानून,मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा,कार्यान्वियन, अनुगमन र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुन,पुलेसा, सिंचाई र तटबन्ध सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वियन, मर्मत सम्भार र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरका सिंचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति,अनुगमन र नियमन सम्बन्धी कार्य ।<br>• यातायात सुरक्षाको व्यवस्थापन र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन नभएको ।<br>• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति,कानून,मापदण्ड र योजनाको निर्माण, कार्यान्वियन, अनुगमन र मूल्यांकन सम्बन्धी कार्य । | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | • जनसांखिक, प्राकृतिक ,आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचकाङ्क, राजश्व तथा आय व्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र श्रोतनक्शाको अद्यावधिक अभिलेखनसम्बन्धी कार्य ।<br>• सूचना तथा अभलेख केन्द्रको स्थापना तथा सञ्चालन ।<br>• स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज सम्बन्धी कार्य ।<br>• जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण तथा लगत व्यवस्थापन एवं भूमिको वर्गीकरण अनुसारको लगत व्यवस्थापन सम्बन्धी कार्य।<br>• सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति ,मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरणको कार्य ।<br>• नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरणको कार्य ।<br>• कृषि तथा पशुजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण, पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन र पशुनश्ल सुधार पद्दतिको विकास र व्यवस्थापन सम्बन्धी कार्य ।<br>• उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरणको कार्य ।<br>• स्थानीय चरण तथा खर्क विकास र व्यवस्थापन तथा पशु आहारको गुणस्तर नियमनको कार्य ।<br>• स्थानीय स्तरमा पशुपंक्षी सम्बन्धी तथ्यांकको व्यवस्थापन र सूचना प्रणाली निर्माणको कार्य ।<br>• पशु बधशालाको निर्माण, व्यवस्थापन र नियमन सम्बन्धी कार्य ।<br>• संघ तथा प्रदेशसंगको समन्वयमा अपाङ्गता पुनर्स्थापन केन्द्र तथा अशक्त स्याहार केनद्रको सञ्चालन र व्यवस्थापन सम्बन्धीकार्य।<br>• सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुल नभएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सञ्चालन,व्यवस्थापन, अनुगमन र नियमनको कार्य ।<br>• रोजगार तथा बेरोजगार जनशक्तिको तथ्यांक प्रशोधन र सूचना प्रणालीको स्थापना सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको सूचना व्यवस्थापन सम्बन्धी कार्य ।<br>• विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य ।<br>• सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्यांकको संकलन र व्यवस्थापन सम्बन्धी कार्य ।<br>• वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन सम्बन्धी कार्य ।<br>• वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनः एकीकरण तथा वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान,सीप र उद्यमशीलताको उपयोग गर्ने कार्य ।<br>• कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण,व्यवस्थापन र परिचालनको कार्य ।<br>• स्थानीय स्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण तथा स्थानीय स्तरका श्रोत केन्द्रहरुको विकास र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य ।<br>• एक मेगावाटसम्मका जलविद्युत आयोजना र वैकल्पिक उर्जा सम्बन्धी स्थानीय स्तरको नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापनसञ्चालन अनुगमन र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि र प्रवर्द्धन कार्य ।<br>• खानेपानीसाना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।<br>• विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजनाको कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनापूर्व सूचना प्रणाली खोज तथा उद्धारराहतसामग्रीको पूर्व भण्डारण वितरण र समन्वय सम्बन्धी कार्य ।<br>• विपद जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय स्तरका आयोजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमनसम्बन्धी | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | कार्य<br>• विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माणको कार्य ।<br>• स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको स्थापना विपदसम्बन्धी तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान एवं समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनको कार्य ।<br>• जलाधार वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति कानून मापदण्ड तथा योजनाहरुको कार्यान्वयन र नियमन सम्बन्धी कार्य ।<br>• भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलनको कार्य ।<br>• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलनको कार्य ।<br>• बहुमुल्य धातु पत्थर तथा खनिज पदार्थको संरक्षण र संवर्द्धनमा सहयोगको कार्य ।<br>• भौगोलिक नक्सा प्रकाशन ।<br>• भाषासंस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय स्तरको नीति कानून मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय तहका पत्रपत्रिकाको दर्ता अभिलेख तथा नियमन सम्बन्धी कार्य ।<br>• संघीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तरको निर्धारणको कार्य।<br>• जनरल अस्पताल नर्सिङ्गहोम निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्ता दर्ता सञ्चालन अनुमति र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा औषधीको उचित प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध न्यूनीकरणको कार्य ।<br>• आयुर्वेदिक यूनानी आम्ची होमियोप्याथिक प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण,उत्पादन, संकलन,प्रवर्द्धन,प्रसोधन र बजार व्यवस्थापन सम्बन्धी कार्य ।<br>• मानव तथा वन्यजन्तु बीचको द्वन्द व्यवस्थापन सम्बन्धी कार्य ।<br>• स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन तथा स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा आखेटोपहार व्यवस्थापन र वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान सम्बन्धी कार्य ।<br>• विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन,सीमसार क्षेत्र,तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगतको कार्य ।<br>• मिचाहा प्रजातिको नियन्त्रण तथा रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्य ।<br>• स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा,कार्यान्वयन, अनुगमत र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन तथा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन र व्यवस्थापन सम्बन्धी कार्य ।<br>• जैविक विविधताको अभिलेखाङ्कन गर्ने कार्य ।<br>• स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण गर्ने कार्य ।<br>• सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्यांक र सूचना व्यवस्थापन सम्बन्धी कार्य ।<br>• सुकुम्बासी पहिचान र अभिलेख तथा सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोवास व्यवस्थापनको कार्य ।<br>• प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति,कानून,मापदण्ड तथा नियमन र रोयल्टी संकलन तथा बाँडफाँडको कार्य ।<br>• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमनसम्बन्धी कार्य। | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | • स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण,अनुमति, नवीकरण,खारेजी,सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन सम्बन्धी कार्य।<br>• वातावरण मैत्री,जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेहा,अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन सम्बन्धी कार्य ।<br>• संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय स्तरको भू-उपयोग नीति,योजना,कार्यक्रम तर्जुमा र कार्यान्वनय सम्बन्धी कार्य ।<br>• संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन सम्बन्धी कार्य ।<br>• स्थानीय स्तरमा अव्यवस्थित बसोवास व्यवस्थापिन सम्बन्धी कार्य ।<br>• संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा,टेलिसेन्टर,केबुल तथा तारबिहीन टेलिभिजन प्रसारणको अनुमति,नविकरण र नियमन सम्बन्धी कार्य ।<br>• स्थानीय बस,ट्रली बस,ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना,कार्यान्वयन, अनुगमत र नियमन सम्बन्धी कार्य ।<br>ख) स्थानीय सरकार संचालन ऐन २०७४ को अन्य दफा अनुसार नभएका कार्यहरु<br>• दफा२४ (१)नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू नगरेको,<br>• दफा२४ (४) नगरपालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,<br>• दफा८३ (७) नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा नभएको,<br>• दफा८३ (८) नगरपालिकाले नगर प्रहरी, सवारी चालक,सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन,चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनुपर्ने उल्लेख गरेकोमा सोही बमोजिम गरेको, | |
| १.२ | **न्यायीकसमिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको ६६ गरी कुल ७३ विवाद दर्ता भएको मा ५१ वटा मात्र फछ्र्यौट, डिसमिस ८ भई१४ बाँकी देखिन्छ। न्यायसम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| १.३ | **कानून कार्यान्वयन र सञ्चालनस्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनकोलागि संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ५ वटा नियमावली, २६ वटा कार्यविधि २ वटा निर्देशिका एवं मापदण्ड लगायत ३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । नगरपालिकाकालागी आवश्यक कानून तर्जुमा गरि कार्यान्वयनमा ल्याईनु पर्दछ । | |
| १.४ | **डिप बोरिङ्गको कार्य जिम्मेवारीः** सघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड २०७६को दफा १.२ क्षेत्रगत आधारहरु खण्ड घ अनुसार भूमिगत जल सिँचाई अन्तरगत मेशिन ड्रिल ट्यूबवेल सिन्चाई योजनाहरु निर्माण मर्मत तथा व्यवस्थापन सम्बन्धी कार्यहरु प्रदेश तहबाट सन्चालन हुने उल्लेख भएकोले | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | स्थानीय तहबाट भूमिगत जलश्रोत सम्बन्धी कार्यहरु स्थानीय तहबाट गर्न मिल्ने देखिँदैन ।<br>तर नगरपालिकाले महालक्ष्मी एण्ड कम्पनी प्रा लिलाई ठेक्कामा दिइ लागत अनुमान रु ५०८९४०० भएकोमा न्यूनतम कबोल रकम रु ४७ लाख ७५ हजार ४२३ मा ठेक्कामा दिई २ वटा डिप बोरिङ्ग निर्माण कार्य गराएको देखियो ।यसबाट काममा द्विविधा तथा दोहोरोपना हुन सक्ने जोखिम रहन्छ । अतः कार्यालयले प्रदेश स्तरबाट गर्नुपर्ने कार्यहरु स्थानीय तहबाट गराउँदा कार्य क्षेत्रमा द्विविधा देखिएकोले यसमा सुधार हुनु पर्ने देखिन्छ । | |
| २ | **वित्तीय विवरण विश्लेषण** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| २.१ | **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २.२ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीयतहको संचित कोषमा ट्रान्सफर गर्नु पर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात्प पनि चालुखर्चखाता बिजोर बर्षमा रु.३,३७,७१,५७४.२५ पुजीगत खर्च खाता बिजोर बर्षमा रु.३,३५,५५,२७२.१९ समेत गरी रु . ६,७३,२६,८४६.४४ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८३ जनाको दरबन्दी रहेकोमा २२ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामतीसेवाऐन २०४९ कोदफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलवभत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित गराएको पाइएन । निजामती सेवा ऐन अनुसार तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्र को दफा १७ बमोजिमयस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यसपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २.३ | **धरौटी तर्फः** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ६८ अनुसार प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकम कारोवारको लेखा अनुसूची १० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने कानूनी व्यवस्था छ । पालिकाले रजिष्टरमा अभिलेख बनाएको देखिएन । कार्यालयले धरौटी सम्बन्धी कार्यमा थप ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३ | **बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| **३.१** | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेशगर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीयतहमा उप प्रमुखले मिति २०७६।०३।१० गते रु ९७ करोड २८ लाख ७५ हजारको बजेट सभासमक्ष पेश गरेकोमा मिति २०७६।०३।१० मा पारित भएकोमा स्थानीय तहका प्रमुखले २०७६।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्चगर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ३.२ | **निति तथा कार्यक्रम कार्यान्वनः**नगरपालिकाका प्रमुख श्री भीम बहादुर थापा क्षेत्रीद्धारा नगर सभाको पाँचौं नगर सभामा प्रस्तुत २०७६/७७ को नीति तथा कार्यक्रम मध्ये देयहाका कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन । | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | १. ज्यामिरे अस्नैया रामपुर चौराहा सडक बिस्तार, सुनवल ७ र ८, सुनवल रिङ्गरोड वडा नं. २ र ९ को सडक खण्ड, सुनवल रिङ्गरोड वडा नं. १ र ६ को सडक खण्ड छनौट भै डि.पी.आर. समेत भैसकेको साथै बहुउद्देश्यीय कृषि बजार केन्द्र सुनवल १२ रिफ्रेस सेन्टर सहितको बसपार्क निर्माण सुनवल,रंगशाला निर्माण सुनवल ३, फोहरमैला व्यवस्थापनका लागि लुयाण्ड फिड साइट निर्माण, सुनवल ४<br>२. नगरपालिकाले वडा नं. ७ र ८ का नागरिकका लागि स्वास्थ्य सेवाके पहुँचमा बृद्धि गराउनका लागि १ वटा एम्बुलेन्स खरिद गर्ने कार्य<br>३. सुनवल नगरपालकाको लागि १५ शैयाको प्राथमिक अस्पताल स्वीकृत भै आएकोमा यसलाई कार्यपालिकाको निर्णय अनुसार वडा नं. ५ को जग्गामा अस्पताल भवन निर्माण कार्य<br>४. महेशपुर भण्सार र पाल्पा लगायतका पहाडी क्षेत्रको बीचमा ब्यापारिक केन्द्रको रुपमा सुनवल नगरपालिकालाई बिकास गर्न सकिने सम्भावनाका साथ सुनवल - परासी सडकलाई ४ लेनमा बिस्तार गर्ने र सुनवल-महलपोखरी हुँदै पाल्पा कालिगण्डकी करिडोर जोड्ने सडक निर्माणको कार्य<br>५. कृषि लाई गरिबी निवारण,बेरोजगारी समस्याको समाधानका रुपमा विकास गर्दै खाद्यान्नमा आत्मनिर्भर बनाउन नगर क्षेत्रमा सम्भाव्यताका आधारमा बिभिन्न प्रकारका बालीहरु जस्तै धान, मकै, तरकारी, कागती आदीको पकेट क्षेत्र निर्धारण गरी उत्पादनलाई व्यवसायिक बनाउने कार्यको कार्यान्वयत<br>६. सतह तथा भूमिगत सिंचाई र वर्षाको पानी संकलन तथा सिंचाईका उपयुक्त प्रविधिको प्रयोग गरी बर्षै भरी सिंचाई सुविधा उपलब्ध गराउने कार्यका लागि आवश्यक पहल गर्ने र कृषि उपजको पकेट क्षेत्रका आधारमा हरेक वडामा कम्तीमा एक बोरिङ्ग निर्माण गर्ने कार्य<br>७. पछिल्लो सयममा बजारमा उपलब्ध हुने तरकारीमा अत्याधिक मात्रामा विषादी प्रयोग भएको जनगुनासो आईरहेको सन्दर्भमा हरेक नागरिकलाई आफ्नै घरमा अर्गानीक तरकारी उत्पादन र उपयोग गर्ने करेसाबारी र कौसी खेतीलाई प्रोत्साहन गर्ने कार्य<br>८. सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति गर्दा प्रधानाध्यापक नियुक्तिका लागि आवश्यक योग्यता पुगेका,विद्यालय व्यवस्थापन समितिले सिफारीस गरेका स्थायी शिक्षकहरुबाट विद्यालय विकासको सिफारीस गरेका स्थायी शिक्षकहरुबाट विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा ३ वर्षका लागि कार्यसम्पादन करार गर्ने व्यवस्था<br>९. जेष्ठ नागरिकहरुको लागि संचालनमा ल्याइएको जेष्ठ नागरिक दिवासेवा केन्द्रको प्रभावकारीतालाई मध्यनजर गर्दै सो प्रकारका दिवासेवा केन्द्रहरु संचालन कार्यक्रमलाई बिस्तार गर्ने कार्य<br>१०. नगरपालिका भित्रका सबै सरकारी तथा गैर सरकारी कार्यालय परिसरलाई पूर्ण प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरी शहरी वातावरणलाई स्वच्छ राख्न २० माईक्रोन भन्दा तलका प्लाष्टिकका झोला निषेध गर्ने र अन्य प्लाष्टिक झोलाहरुलाई निरुत्साहीत गरिने, वातावरणमैत्री झोला उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिने र नगरपालिकाको मुख्य बजार केन्द्रको रुपमा रहेको सुनवल बजार क्षेत्र र भूमही बजार क्षेत्रबाट प्लाष्टिक मुक्त क्षेत्र अभियानको शुरुवात गरी क्रमश: बिस्तार गर्दै लगिने कार्य<br>११. नगरको विकासलाई नतिजामूलक र थप व्यवस्थित बनाउन नगर विकासका सम्पूर्ण आयामहरुलाई समेटी आवधिक योजनाको रुपमा नगरको एकीकृत शहरी विकास योजना (Intereted Urban Development Plan, IUDP) निर्माण सम्पन्न गर्ने कार्य<br>१२. घर नक्शा डिजाईन गरेवापत कन्सल्टेन्सी फर्मले लिने शुल्कलाई व्यवस्थित तथा एकरुपता कायम गर्ने कार्य<br>१३. नगरपालिकाको मासिक आम्दानी र खर्चको विवरण सूचना पाटी, वेभसाईट र डिजिटल सूचना पाटी मार्फत सार्वजनिक गर्ने कार्य<br>१४. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O&M Survey) र संगठनात्मक विकास अध्ययन (OD Study) गरी नगरपालिकाबाट प्रवाह हुने सेवालाई चुस्त र विकास व्यवस्थापनलाई प्रभाकारी बनाउने कार्य ।<br>१५. आर्थिक वर्ष २०७६/७७ मा वडा कार्यालयको भवन निर्माण बिस्तार गर्ने कार्य<br>१६. उपलब्ध जनशक्तीको क्षमता विकासमा बिशेष जोड दिई कार्यसम्पादनका आधारमा सूचकहरुको व्यवस्था गरी उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्ने, ऐन नियमको परिधी भित्र रही कार्यसम्पादनका आधारमा | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | कार्यरत कर्मचारीहरुको बढुवा, स्तर बृद्धि, प्रोत्साहन पुरस्कार प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिने र नगरपालिकाको मौजुदा जनशक्तीलाई समयानुकुल सक्षम बनाउन आन्तरीक एवं बाह्य श्रोतका आधारमा तालिम दिई सक्षम बनाउने नीतिलाई प्राथमिकता दिने कार्य | |
| ३.३ | **बजेट कार्यान्वयन** नगर सभामा उपप्रमुख द्वारा प्रस्तुत आर्थिक वर्ष २०७६।०७७ को बजेट तथा कार्यक्रम कार्यान्वयन गरिएको हुनु पर्दछ । तर कार्यालयले यो वर्षको स्वीकृत बार्षिक बजेट कार्यक्रम मध्ये देहायका २२६ योजनाको रु. १६,२५,८१,०७०.०० कार्यक्रम कार्यान्वयन गरेको देखिएन। अतः नगरसभाबाट पारित वर्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिनु पर्दछ। | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन |
|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा कृषियन्त्र वितरण (मिनि टिलर, पावर टिलर, रिपर, थ्रेसर, कर्न सेलर, सोलाराइजर मेशिन, उखु जुस निकाल्ने मेशिन) प्रदेशसरकारको साझेदारीमा | १,०००,००० | ११४ | सामुदायिक वनमा बहुवर्षे घाँस विकासका लागि तारबार कार्यक्रम वडानं. ७, ३, ११, र १३ मा (क्षेत्रफलका आधारमा) | ५००,००० |
| २ | ७० प्रतिशत अनुदानमा सिंचाई बोरिङ आयोजना, ढुवानी | १,२६०,००० | ११५ | सामुदायिक विद्यालयकका उत्कृष्ट नतिजा ल्याउने विद्यालय शिक्षकविद्यार्थी प्रोत्साहन | १००,००० |
| ३ | अपाङ्गता भएका व्यक्ती र अभिभावकको लागी जीवनोपयोगी सीप सम्बन्धीतालिम | ५०,००० | ११६ | सामाजिक परिक्षण | २००,००० |
| ४ | अपाङगता भएका व्यक्तीहरुलाइ सहायक सामाग्री वितरण | २००,००० | ११७ | सिकर्मी तथा डकर्मीहरुका लागि तालिम | २८,००० |
| ५ | अभिभावकसँग विद्यालय कार्यक्रम | १३०,००० | ११८ | सिकर्मी तथा डकर्मीहरूका लागि तालिम | २७२,००० |
| ६ | आकस्मिक खोप सेवा | २५,००० | ११९ | प्रगतीटाेल भागिरथ गैरेकाे घर देखि पूर्व पश्चिम सडककालोपत्रे | १,०००,००० |
| ७ | आत्मरक्षा सम्बन्धी तालिम तथा यौनजन्य हिंसा न्युनिकरणको लागीअभिमुखिकरण | १५०,००० | १२० | बनभुसडी देखि नदुवा जाेड्ने सडक कालाेपत्रे | १,०००,००० |
| ८ | उत्कृष्ट कर्मचारी, सामाजिक संस्था, शिक्षक, महिला स्वयमसेविका, करदाता, आमा समुह, महिला समुह, कृषक समुह, कृषक, निर्माण व्यवसायी, उपभोक्तासमिति र विद्यार्थी पुरस्कार तथा सम्मान | ३००,००० | १२१ | बनाहा खेलमैदान स्तरोन्नती | १००,००० |
| ९ | उन्नत प्रविधि कृषि प्रसार कार्यक्रम (रेडीयो, टि.भि., एफ.एम., बुलेटिन आदि) | ५०,००० | १२२ | लक्षित वर्गका लागी आयमूलक तथा सीपमूलक तालिम | १००,००० |
| १० | उपभोक्ता समितिका लागि अनुशिक्षण तालिम | ३००,००० | १२३ | स्मृतीटाेल सडक कालाेपत्रे | १,०००,००० |
| ११ | एकिकृत रोग किरा व्यवस्थापन/अर्गानिक खेति तालिम | ८०,००० | १२४ | साेमनाथ धाैलागिरी पथ शान्तिपथ सडक कालाेपत्रे | १,०००,००० |
| १२ | कक्षा १ सम्म संचालन भएका विद्यालयका लागी विद्यार्थी सहुलियतकार्यक्रम | १००,००० | १२५ | अवरहिया र भराैलिया चमारटाेलबाटो र अवरहिया ना.स.के. जानेबाटो | १,०००,००० |
| १३ | करदाता शिक्षा | ५००,००० | १२६ | उत्तरायण क्षेत्र पर्यटन पूर्वाधार निर्माण | १,०००,००० |
| १४ | करेसाबारी तथा कौसीखेति तालिम | ३००,००० | १२७ | खुटहट अामा समूह भवन निर्माण | २००,००० |
| १५ | कलाकारहरुको क्षमता पहिचान तथा प्रदर्शन कार्यक्रम | ५००,००० | १२८ | दुर्गा मन्दिर स्तरोन्नती (नवदुर्गा टोल) | २००,००० |
| १६ | कृषक प्रोत्साहन कार्यक्रम | १०,००० | १२९ | पिछडा वर्ग भवन मर्मत | २००,००० |
| १७ | कृषक प्रोत्साहन कार्यक्रम | १३०,००० | १३० | बर्गदेहीमा मन्दिर निर्माण | २००,००० |
| १८ | कृषि वस्तु प्रसोधन प्रवर्द्धन तालिम | ५०,००० | १३१ | मुखीया टाेल देखि बैरिहवा टाेल हुदै नमुना सिचाइ याेजना | १,०००,००० |
| १९ | किर्तिपुर २ नं. सडक मर्मत | ९००,००० | १३२ | लक्षित वर्गका लागी आयमूलक तथा सीपमूलक तालिम | १००,००० |
| २० | घरेलु हिंसाबाट बालबालिकामा पर्ने असर विषयक नगरस्तरीय सचेतनागोष्ठी | ५०,००० | १३३ | सरस्वती प्रा.वि.को पश्चिम तर्फबाट कुमालटोल जानेबाटोकालोपत्रे | १,०००,००० |
| २१ | घाँस सिंचाईको लागि पम्पिङसेट वितरण ५० प्रतिशत अनुदानमा | २००,००० | १३४ | सानो पचभैया चाेक देखि थानेश्वर अर्यालको घर जाने बाटोकालोपत्रे | १,०००,००० |
| २२ | घोला गरकट्टा पुल देखि केराबारी जाने सडक कालोपत्रे | १,०००,००० | १३५ | कभर्डहल निर्माण | ३,०००,००० |
| २३ | च्यापकटर मेशिन (मोटर वाला) ७५ प्रतिशत अनुदानमा | ३००,००० | १३६ | कल्भर्ट निर्माण (किर्तिपुर १ र २ जोड्ने कुल बहादुर पुलामीको घरछेउ) | ५००,००० |
| २४ | ज्ञानज्योती हुँदै वडा कार्यालय सडक मर्मत | ५००,००० | १३७ | कानुनी नेतृत्व विकास तथा व्यात्तित्व विकास कार्यक्रम | १००,००० |
| २५ | जलवायु अनकुलन खेति प्रविधि तालिम | ८०,००० | १३८ | चन्द्रोदय स्कुल भित्रको ब्याडमिन्टन कोर्ट निर्माण तथा मर्मत | १००,००० |
| २६ | जेष्ठनागरीकसँग सरोककारवालाहरुको अन्तरक्रिया | ५०,००० | १३९ | सडक कालाेपत्रे मर्मत तथा पुनःनिर्माण कृतिपुर १ बी टाेल | १,५००,००० |
| २७ | डिजिज सर्भिलेन्स तथा रिपोर्टीङ | ७५,००० | १४० | सडक कालाेपत्रे राधाकृष्णटोल राजदेव यादवको घर हुदै अनरूद्रडुम्रेकाे घरजाने बाटो | १,०००,००० |
| २८ | तरकारी बिउ मिनि किट बितरण | ५०,००० | १४१ | दोरदोरे-बुद्धनगर अधुरो तटबन्धन निर्माण तथा माटी फिलिङ | २००,००० |
| २९ | तरल नाईट्रोजन खरिद | ४०,००० | १४२ | फोहरमैला व्यवस्थापन (डम्पिङ साईट) | ५,०००,००० |
| ३० | तालिम तथा गोष्ठी कार्यक्रम – पशु | ४००,००० | १४३ | बेलारी खानेपानी टंकी निर्माण | १,०००,००० |
| ३१ | दलित लक्षित क्षमता विकास | ५००,००० | १४४ | महलपोखरी मन्दिर, सुनवल ४ | १,०००,००० |
| ३२ | देवकोटाको पूर्व भोजराजको घर देखि अमरबहादुरको घर सम्म सडककालाेपत्रे | १,५००,००० | १४५ | रमवापुर स्कूल पश्चिम कुलाे सम्म कालाेपत्रे असामबासी सडकस्तराेन्नती | १,०००,००० |
| ३३ | दैवि प्रकोप उद्दार विशेष कोष | १,०००,००० | १४६ | समयटाेला सडक कालोपत्रे | २,०००,००० |
| ३४ | नक्सा खरिद | २००,००० | १४७ | हिलपार्क निर्माण | २,०००,००० |
| ३५ | नगर छात्रवृत्ति कार्यक्रम निरपेक्ष गरीबीको रेखामुनी रहेकालोपोन्मुख तथा पिछडिएका समुदायका वालवालिकाहरुलाइ शिक्षण सिकाइ सामाग्री सहायतासूचकमा आधारीत सामुदायिक विद्यालयमा अध्ययनरत | १,५००,००० | १४८ | मिनिबनकट्टीको १५०० मि. कालोपत्रे बटोमा पक्की नाला निर्माणगर्ने | २,५००,००० |
| ३६ | नगर बाल संजाललाई पहिचान पोषाक | २१,००० | १४९ | युवाहरुको लागि खेलकुद कार्यक्रमको लागि आवश्यक सामाग्रीव्यवस्थापन | १००,००० |
| ३७ | नगर शिक्षा योजना तथा शैक्षिक क्यालेण्डर निर्माण | १००,००० | १५० | गाेलघाट चत्रफपथ रिंगरोड देखि पुरानो गाउँ जोड्ने बाटोकालाेपत्रे | १,०००,००० |
| ३८ | नगर स्थापना दिवस | ५००,००० | १५१ | तिलकाना कल्भर्ट निर्माण | ३००,००० |
| ३९ | नगरपालिकाको हेल्पडेक्स व्यवस्थापन | २५०,००० | १५२ | तिलकाना खानेपानी | ५००,००० |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | | | | रकम |
|---|---|---|---|---|---|
| ४० | नगरपालिकामा भएका पञ्जिकरण सम्बन्धी कागजातहरु व्यवस्थापन | १००,००० | १५३ | तिलकाना हरियाली पार्क निर्माण | २००,००० |
| ४१ | नेतृत्व तथा संस्थागत क्षमता विकास तालिम | ६०,००० | १५४ | पूर्व पुलटोल अधुरो पुल निर्माण | १,०००,००० |
| ४२ | नमुना माटो संकलन तालिम | ५२,००० | १५५ | बस्ती विकास प्लटिङमा खानेपानी पाइप बिस्तार | २००,००० |
| ४३ | नयाँ विद्यार्थी भर्नाको आधारमा विद्यालय प्रोत्साहन अनुदान | ५००,००० | १५६ | बाहुनडाँडामा गहमतीकाे घर देखि रबिनको घर सम्म सडककालाेपत्रे | १,०००,००० |
| ४४ | नविनटोल उत्तर ज्ञानज्योती जाने सडक मर्मत | १,०००,००० | १५७ | युवा वर्गहरुलाई फूटवल खेल संचालन | १००,००० |
| ४५ | नविनटोल पश्चिम सडक मर्मत | १,०००,००० | १५८ | लक्षित वर्गहरुलाइ उद्बोधक तालिम | १००,००० |
| ४६ | नियमन कार्यक्रम | ९०,००० | १५९ | सगरमाथा टोल स्थित १०८ शिवलिंग धार्मिक पर्यटकीय स्थल संरक्षण | ५००,००० |
| ४७ | पकेट क्षेत्र निर्माण तथा निरन्तरता | २००,००० | १६० | सर्वाङ्गिण विकास मञ्च देखि दक्षिण डाँडाँटोलबाटो | १,०००,००० |
| ४८ | प्रयोगशाला सेवा | १००,००० | १६१ | आदिवासी जनजातीका लागी क्षमता विकास तालिम | १००,००० |
| ४९ | पार्क सुरक्षाका लागि माली व्यवस्थापन (वि.पा. प्रतिष्ठान, हिलपार्क र सिकाइ केन्द्र) | १,०००,००० | १६२ | चारपाला कचरार सिंचाइ नहर निर्माण | १,०००,००० |
| ५० | पिछडा वर्ग क्षमता विकास | २००,००० | १६३ | देवदह ताल पूर्वाधार निर्माण | १,०००,००० |
| ५१ | पिपलबोटबाट बाबबर्दगोरीया जाने बाटो मर्मत | १,०००,००० | १६४ | मुसहरटोल कालोपत्रे अस्तैया, ज्याेती मा.वि. पिश्चम शिवालय दक्षिणसडक | २,०००,००० |
| ५२ | फलफूल (आँप, लिचि, कागती, केरा, अनार आदि) बिरुवा वितरण | ५००,००० | १६५ | अरनिको मा. वि. भौतिक पूर्वाधार निर्माण | १,०००,००० |
| ५३ | फलफूल तथा पुष्प खेति तालिम | १००,००० | १६६ | अाेलम्पियन पथ, हेल्थपाेष्ट लाइन देखि बेतराैली सडक कालोपत्रे | २,०००,००० |
| ५४ | फिल्ड प्रमाणिकरणको लागि | ५०,००० | १६७ | कालिका टोलमा रहकाे अधुरो कालिका मन्दिर स्तरोन्नती | २००,००० |
| ५५ | बंगुर फर्म सुदृढिकरण (प्याकेजमा) | ३१०,००० | १६८ | कालिकाटोल सडक कालोपत्रे | १,८००,००० |
| ५६ | बडेरा चाेक देखि उत्तरको सडक मर्मत | १,०००,००० | १६९ | देउराली चोक देखि पूर्व शान्तीचोक सडक कालोपत्रे | १,७००,००० |
| ५७ | बेबरे धुरकोट सडक मर्मत | ५००,००० | १७० | बैरागनाथ मन्दिर पूर्वाधार, सुनवल ८ | १,०००,००० |
| ५८ | ब्लड बैंक स्थापना (सुनवल नगरपालिकाको आफ्नै पहलमा) | ४००,००० | १७१ | लक्षित वर्गका लागी आयमूलक तथा सीपमूलक तालिम | १००,००० |
| ५९ | बारुण यन्त्र खरिद | ६,५००,००० | १७२ | आदिवासी जनजातीलाइ मखमली जुत्ता चप्पल र ब्याग वनाउने तालिम | १००,००० |
| ६० | बाल क्लबको पदाधीकारीहरुलाई क्षमता विकास तालिम | ३००,००० | १७३ | छडेनी सामुदायिक भवन पूर्वाधार निर्माण | ५००,००० |
| ६१ | बाल क्लबलाई बाल अधिकार एवं बाल क्लब संचालन तथा व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम | ६५,००० | १७४ | दुर्गामन्दिर देखि रामखण्डा सम्म विधुतपोल र तारजडान | २००,००० |
| ६२ | बाल पत्रिका प्रकाशन | ६०,००० | १७५ | प्रगती मा. वि. कम्पाउण्ड वाल सिसि क्यामरा तथा इ-हाजिरी | १,०००,००० |
| ६३ | बाल भेला संचालन वडा तथा नगर | १००,००० | १७६ | पूर्वटोलादेखि उत्तरटोला नाला निर्माण | १,०००,००० |
| ६४ | बाल म्युजिक भिडियो | ५०,००० | १७७ | मंगलनगर खानेपानी | १५०,००० |
| ६५ | बाल संरक्षण वडा तथा नगर समितीको पुनर्गठन तथा बैठक | ३०,००० | १७८ | मंगलनगर सडक कालाेपत्रे तथा बाल निर्माण | १,०००,००० |
| ६६ | बालअधिकार संरक्षण र सम्वर्धन सम्बन्धी अभिमुखीकरण | ६५,००० | १७९ | वडा कार्यालय व्यवस्थापन तथा कम्पाउण्ड तारबार | ३००,००० |
| ६७ | बालक्लब संजालजगर सूचिकृत गठन पुनर्गठन तथा साधरण सभा | ६५,००० | १८० | विधुत ट्रान्सफरमर खरिद | ३५०,००० |
| ६८ | बालक्लबलाई खेल सामाग्री वितरण १३ वटै वडा | १३०,००० | १८१ | स्वाठी खानेपानी | १,५००,००० |
| ६९ | बालबालिका स्थिती पत्र प्रकाशन | ६००,००० | १८२ | साँवर माई मन्दिर निर्माण | ३००,००० |
| ७० | बालमैत्री आचार संहिताको विक्षयमा प्रचार प्रसार | ६५,००० | १८३ | गैडाखाल प्रा. वि.शैक्षिक सुुधार एवं कर्मचारी शिक्षक पारीश्रमिकभुक्तानी | १,०००,००० |
| ७१ | भताैडी पश्चिम बाटो कालोपत्रे | ५००,००० | १८४ | गुल्मेली शान्तीटोल तपाउ कल्भर्ट देखि पश्चिम खेलमैदान जाने सडककालोपत्रे | १,०००,००० |
| ७२ | भाषा, साहित्य, कला, सँस्कृति संरक्षण र सम्वर्द्धन | ३००,००० | १८५ | मिलचोक देखि खखरीबारी डाँडाँटाेल सम्मको सडक कालाेपत्रे | १,०००,००० |
| ७३ | मेडिकल उपचार | १५०,००० | १८६ | विभिन्न लक्षित वर्गको आयमुलक तथा सीपमुलक तालिम संचालन | १००,००० |
| ७४ | महिला अधिकार सम्बन्धी पैरवी कार्यक्रम | ७५,००० | १८७ | शिवमन्दिर देखि दक्षिण सडक कालोपत्रे | १,०००,००० |
| ७५ | महिला समुह समितीलाइ आधारभूत तालिम | १००,००० | १८८ | सडक ग्राभेल वडा नं. १० | १,०००,००० |
| ७६ | महिला संस्थाको रणनीति पत्र तर्जुमा | ७०,००० | १८९ | बाबा बर्दगोरिया धाम विकास/अमरपोखरी समेत | २,०००,००० |
| ७७ | मिल्किङ मेशिन ७५ प्रतिशत अनुदानमा | ३००,००० | १९० | विभिन्न लक्षित वर्गको आयमुलक तथा सीपमुलक तालिम संचालन | १००,००० |
| ७८ | मोहन चाैधरीको घर देखि खानेपानी हुदै महेश अर्यालको घरसम्मको सडककालोपत्रे | १,०००,००० | १९१ | सिचाइ कुलो निर्माण भडरी | १००,००० |
| ७९ | युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम (फलफुल खेती, तरकारी खेती, च्याउ खेती, व्यवसायीक नर्सरी, माछा व्यवसाय, मौरी पालन) | ५००,००० | १९२ | जगन्नाथ मा. वि. भवन निर्माण | १,०००,००० |
| ८० | युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम (फलफुल खेती, तरकारी खेती, च्याउ खेती, व्यवसायीक नर्सरी, माछा व्यवसाय, मौरी पालन) | ५५०,००० | १९३ | जिल्ला अपाङ्ग संघको भवन निर्माण | १००,००० |
| ८१ | योग सामाग्री खरिद | १००,००० | १९४ | युवा तथा खेलकुद विकास कार्यक्रम | १००,००० |
| ८२ | रेडियो कार्यक्रम जिङ्गल प्रसारण | १००,००० | १९५ | विधुत ट्रान्सफरमर खरिद २ थान | १,०००,००० |
| ८३ | रेफ्रि खरिद | ७०,००० | १९६ | विभिन्न लक्षित वर्गको आयमुलक तथा सीपमुलक तालिम संचालन | १००,००० |
| ८४ | राष्ट्रपति रनिङ शिल्ड | २००,००० | १९७ | सन्तोषिमा बाल उद्यान पूर्वाभार | ५००,००० |
| ८५ | लक्षित वर्ग आयमूलक तथा सीपमूलक तालिम सिलाइकटाइ महिला प्रजनन्स्वास्थ्य | २००,००० | १९८ | ह्युमपाईप खरिद | ४००,००० |
| ८६ | लागू पदार्थ दुर्व्यसन न्युनिकरण कार्यक्रम | २००,००० | १९९ | हरकट्टा जनता नि.मा.वि. काे पूर्व तर्फ जाने बाटो कालोपत्रे रनाला निर्माण | १,०००,००० |
| ८७ | लाहुरेटोल सडक कालोपत्रे | १,०००,००० | २०० | बडेरा चाेक देखि उत्तर तर्फ दाेहोरो नाला सहित सडक कालोपत्रे | ४,०००,००० |
| ८८ | वडा कार्यालयमा फिल्टर र एसी जडान (१० वडामा) | १,४७०,००० | २०१ | वडा स्तरीय कृषि तथा पशु तालिम | १००,००० |
| ८९ | वडा सचिव एवं पदाधिकारीहरुका लागि पञ्जिकरण सम्बन्धी तालिम | १००,००० | २०२ | वडा स्तरीय फूटवल प्रतियोगिता | १००,००० |
| ९० | वातावरणीय व्यवस्थापन विशेष कोष | २००,००० | २०३ | वडा कार्यालय भवन निर्माण वडा नं. ३, ४, १० र १३ | २०,०००,००० |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ९१ | विद्यालय न्युनतम मापदण्ड निर्धारण तथा कार्यान्वयन | ३००,००० | २०४ | अस्थायी तथा करार कर्मचारीका लागि पोशाक | १०,००० |
| ९२ | विनियम तथा कार्यविधि निर्माण | २००,००० | २०५ | कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन गरि कार्यक्रमकोगुणस्तरीयता सुनिस्चित गर्ने, स्थलगत अनुशिक्षण गरि स्वास्थ्यकर्मिहरूको क्षमताअभिवृध्दि, क्षयरोगका बिरामीको उपचारकोनतिजको कोहर्ट विश्लेषण तथा कार्यक्रमको चौमासिक समिक्षा | ५०,००० |
| ९३ | विपन्न वर्गलक्षित स्थानीय कुखुरा, बाख्रा, बंगुर प्रवर्द्धनकार्यक्रम | २००,००० | २०६ | नसर्ने रोग सम्बन्धि कार्यक्रम (अभिमुखिकरण, नसर्ने रोग तथा मानसिक स्वास्थ्यसम्बन्धि सचेतना कार्यक्रम | ७०,००० |
| ९४ | श्रृजनाटोल खेल मैदान | २,०००,००० | २०७ | नियमित उपचार पुरा गर्ने बिरामिलाइ यातायात खर्च | ११,००० |
| ९५ | श्रमिकहरुको विमा | २८३,००० | २०८ | प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालयकर्मचारीहरुका लागि पोशाक खर्च | ९१०,००० |
| ९६ | श्रमिकहरुको विमा | १७,००० | २०९ | परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि औजार/उपकरणखरिद | २७,००० |
| ९७ | शिक्षक शिक्षीकाको लागी बालमैत्री सिकाई पद्धती र व्यवहार सम्बन्धीतालिम | १५०,००० | २१० | पालिका परियोजनासमन्वयसमितिकोवैठक | ३०,००० |
| ९८ | सडक बोर्ड मार्फत संचालन हुने योजना | ५,०००,००० | २११ | पोषण कार्यक्रम (युनीसेफ) | १००,००० |
| ९९ | सुनवल कृषि अनुसन्धान केन्द्रको डि.पि.आर. तयार | ५००,००० | २१२ | बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरणकार्यक्रम | ३,००० |
| १०० | सुनवल स्तरीय विद्यार्थीको स्तर निर्धारण कक्षा ३,५,८,१० | ३००,००० | २१३ | महामारी तथा प्रकोपजन्य रोगहरुको अवस्थामा RRT/ CRRT परिचालनगर्ने, चौमाशिक रिभ्यु तथा अभिमुखीकरणगर्ने | ६०,००० |
| १०१ | समुदायसँग शिक्षक कार्यक्रम | १३०,००० | २१४ | महीला स्वास्थ्य स्वयं सेविका कार्यक्रम (अर्ध वार्षिक समिक्षारदिवस मनाउने) | १२,००० |
| १०२ | सम्मान तथा प्रोत्साहन | ३०,००० | २१५ | मातृ तथा नवशिशु कार्यक्रम | २४०,००० |
| १०३ | समुह गठन तथा पुनर्गठन र अनुशिक्षण | १५०,००० | २१६ | मातृ तथा नवशिशु कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण | १०,००० |
| १०४ | सरस्वती प्रा.वि. देखि वडा कार्यालय सम्मको सडक कालोपत्रे | ८००,००० | २१७ | मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवस मनाउने (आत्महत्यारोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस)मानसिक स्वास्थ्य समस्याबाटप्रभावित ब्यक्तिका परिवारका सदस्यहरु (स्याहारकर्ताहरु ) का लागी क्षमताअभिब्रिधी कार्यक्रम | १९,००० |
| १०५ | सवारी साधन | ४००,००० | २१८ | रेबिज, सर्पदंश आदिको जनचेतनासम्बन्धि प्रचार प्रसार तथा दिवसमनाउने पशु पंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, ए यम आर सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदी विभिन्न सरुवारोग सम्बन्धि रोकथाम र सचेतना कार्यक्रम | २०,००० |
| १०६ | सवारी साधन खरिद – कृषि | ३००,००० | २१९ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | १००,००० |
| १०७ | सहकारी नियमन तथा प्रवर्द्धन | ३००,००० | २२० | रिटर्नी स्वयंम सेवक परिचालन | २८१,००० |
| १०८ | सहकारीसँग साझेदारी (सहकारी, समुह र न.पा. को सहलगानीमा) | ५००,००० | २२१ | वर्ड फ्लु रोग लगायत अन्यरोगहरुको नियन्त्रणको लागि वैठक तथा नमुनासंकलन गरी पठाउने तथाप्रदेश तथा संघमारिपोर्टिङ्ग गर्ने | ७५,००० |
| १०९ | सहकारीहरुका लागि कोपोमिस संचालन तालिम | २००,००० | २२२ | वित्त साक्षरता कार्यक्रमको लागिमेशनरी तथा औजार | ४०,००० |
| ११० | सहभागवतामूलक बालमैत्री शासन अभिमुखीकरण | ५०,००० | २२३ | विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक | १२५,००० |
| १११ | सहरी क्षेत्र लगानी आयोजना | १०,०००,००० | २२४ | विश्व कुष्ठरोग दिवस तथा अपांगता दिवसको कार्यक्रम | १५,००० |
| ११२ | सहिद विष्णु प्रसाद पाण्डे स्मृती प्रतिष्ठान | ५,०००,००० | २२५ | स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहूचकम भएका, कारागार, गुम्बा, स्कुल, बृधाश्रम,उद्योग भएको क्षेत्र, शहरीघनाबस्ती, लगायत अन्य क्षयरोगकाजोखिमयुक्त जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प लगायतका अन्य सकृय क्षयरोगखोजपडताल कार्यक्रम | ४८,००० |
| ११३ | साकुरा देखी रूपा ैलिया जोड्ने बाटो मर्मत | १,५००,००० | २२६ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याडव्यवस्थापन | २,१८७,००० |
| | | | | **कुल जम्मा** | **१६२,५८१,०००** |

३.४ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्रासहुने आन्तरिक आय, राजश्वबाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिना भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुकासाथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले त्यस अनुसार गरेको छैन।

**३.५** **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम, योजना कार्यक्रम मा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकताका गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

३.६ **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ६४,१२,२८,४३४.७० खर्च भएकोमा प्रथम चौमासिकमा रु. ९,०७,६६,४६९.८० अर्थात १४.१६ प्रतिशत, दोश्रो चौमासिकमा रु. १६,२७,१७,१५८.०९ अर्थात २५.३७ प्रतिशत र तेश्रो चौमासिकमा रु. ३८,७७,४४,८०६.८१, अर्थात ६०.४७ प्रतिशत खर्च गरेको देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु. २७,७२,९४,७९६.४० अर्थात ४३.२४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

| क्र. | | | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | बजेट उपशिर्षक | कुल खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ३०,९७,६०,५१८.७० | ६,९३,१०,१९१.८० | ९,३५,३२,१६२.०९ | १४,६९,१८,१६४.८१ | ६,९९,२६,७५९.४० |
| २ | पूँजिगत खर्चतर्फ | ३३,१४,६७,९१६ | २,१४,५६,२७८ | ६,९१,८४,९९६ | २४,०८,२६,६४२ | २०,७३,६८,०३७ |
| | **जम्मा** | **६४,१२,२८,४३४.७०** | **९,०७,६६,४६९.८०** | **१६,२७,१७,१५८.०९** | **३८,७७,४४,८०६.८१** | **२७,७२,९४,७९६.४०** |
| | **प्रतिशत** | **१००** | **१४.१६** | **२५.३७** | **६०.४७** | **४३.२४** |

३.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।देहायको विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनीकमा सबै भन्दा बढी ९३.४७ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ६९.७८ प्रतिशत रहेको छ।

| **क्र.** | **क्षेत्र** | **बजेट** | **खर्च** | **जम्मा खर्चको तुलनामा खर्चप्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७,४०५,७९९ | ३३,५०९,१२८ | ८९.५८ |
| २ | पूर्वाधार विकास | ३११,४९५,००० | २१७,३६१,७७१ | ६९.७८ |
| ३ | सामाजिक विकास | ३३८,४२९,००० | २६०,५४३,२५०.७९ | ७६.९९ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २९,९०४,००० | २१,८३०,७६२ | ७३ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११५,५२७,०६९.२६ | १०७,९८३,५२२.९१ | ९३.४७ |
| | **जम्मा** | **८३२,७६०,८६८.२६** | **६४१,२२८,४३४.७०** | ७७ |

३.८ **खर्च बिश्लेषणः** नगरपालिकाले यस बर्षको आन्तरिक आय रु १०,५६,६८,८४३.६९ रहेकोमा गत बर्षको जिम्मेवारी समेत कुल आन्तरिक रु १७,८५,७४,७०९.३० राजस्व बाँडफाँड र अनुदानबाट रु ६०,५७,२७,८८५.७५ समेत रु ७८,४३,०२,५९५.०५ आम्दानी भएकोमा चालु तर्फ रु. ३०,९७,६०,५१८.७० र पूँजिगत तर्फ रु. ३२,८९,६७,९१६ र बित्तिय ब्यबस्था तर्फ

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | रु २५,००,००० समेत रु ६४,१२,२८,४३४.७० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १७.७२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १,३७,४८,०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ७.७० प्रतिशत रहेको छ यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ३.९ | **लक्ष्य प्रगतिः** कार्यालयले चौमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नु पर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर , जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ। | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ४९७ | २२६ | २० | ४८ | ६४ |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ३.१० | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चलअचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेटर अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुनसक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नु पर्दछ। | |
| ३.११ | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधारमा तयार गरी श्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष २०७६/३/१० मा पेश गरेको बजेट अधिवेशनमा ६०:४० लागत सहभागिताबाट सञ्चालन हुने योजना उल्लेख गरी ८ करोड ३० लाख अबण्डामा राखेको र अन्य ११ योजनाका लागि विनियोजित ५५२६४१४१.०० को कार्यक्रम कार्यान्वयन नगरी हिउँदे अधिवेशनमा वण्डा तथा संसोधन गरी १२ वटा योजनाको रु. ५६२६४१४१.०० संसोधन गरी १११ वटा योजनामा र अबण्डामा रहेको ८ करोड ३० लाख विभिन्न ४३ वटा कार्यक्रमको १०३५२१७३०.०० मा बण्डा गरेको देखियो । अतः शुरु बजेट अधिवेशनमा कार्यक्रम स्पष्ट नगर्ने र अबण्डामा राखी विधेयक (हिउँदे) अधिवेशनमा पुन बजेट तथा कार्यक्रम थप एवं संसोधन गर्ने कार्य नियन्त्रण गरिनु पर्ने देखिन्छ । | |
| ३.१२ | **साना / टुक्रे योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफ २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक योजना २०७६।७७ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ । | |

<table>
<tr><th>सि न</th><th>गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाख सम्म</td><td>२ लाख देखि ५ लाख सम्म</td><td>५ लाख देखि १० लाख सम्म</td><td>१० लाख भन्दा माथी</td></tr>
<tr><td>४७</td><td>१४१</td><td>१२५</td><td>१०७</td><td>७७</td></tr>
</table>
उल्लिखित विवरण अनुसार नगरपालिकाले यस बर्ष रु १५ हजार देखि  ३५ लाख सम्मका जम्मा ४९७ योजना सञ्चालन गरेकोमा १ लाख भन्दामुनीका ४७ वटा योजना र १० लाखभन्दा माथिका ७७ वटा मात्र योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजना सञ्लान गर्दा कार्यालयका जनशक्ति बर्षैभरि योजना व्यवस्थापना खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भइ लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४</td><td>संगठन तथा कर्मचारी ब्यवस्थापन</td><td></td></tr>
<tr><td>४.१</td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन- स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।कार्यलयमा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६१जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्यव्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन्।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवाप्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटोपूर्ति गरी सेवाप्रवाह प्रभावकारी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>४.२</td><td>कर्मचारी करार- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर पालिकाले विभिन्न पदमा ७६ जना कमर्चारीहरुलाई करारमा राखी रु. २,२१,४३,५३७.०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धि पदमा मात्र करारवाट सेवा लिन सकिने  र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेकोछ।स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा ३५ जना नियुक्ति गरी वर्ष रु. १२,८८७,१४७.०० खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु</td><td>१२,८८७,१४७</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.स.</th><th>दर्जा</th><th>कर्मचारीको नाम</th><th>वार्षिक तलव</th></tr>
<tr><td>१</td><td>वातावरण विद</td><td>श्री खेमराज अवस्थी</td><td>४६७,८७०</td></tr>
<tr><td>२</td><td>कृषि अधिकृत</td><td>श्री सन्तोष कण्डेल</td><td>४६७,८७०</td></tr>
<tr><td>३</td><td>खरिदार</td><td>श्री राम प्रसाद पौडेल</td><td>३४५,९३०</td></tr>
<tr><td>४</td><td>वालमैत्री सहजकर्ता</td><td>श्री सुम्निमा पन्थी</td><td>३४५,९३०</td></tr>
<tr><td>५</td><td>इन्जीनियर</td><td>श्री सन्ध्या ज्ञवाली</td><td>४६७,८७०</td></tr>
<tr><td>६</td><td>सूचना प्रविधी अधिकृत</td><td>श्री कुमार विभोर सि)ह</td><td>४६७,८७०</td></tr>
<tr><td>७</td><td>सव इन्जीनियर</td><td>श्री समिक्षा गुरुङ्ग</td><td>३६६,६००</td></tr>
<tr><td>८</td><td>कम्प्युटर अपरेटर</td><td>श्री लेखनाथ उपाध्याय गौतम</td><td>३४५,९३०</td></tr>
<tr><td>९</td><td>अ.क.अ.</td><td>श्री सुरज पराजुली</td><td>३४५,९३०</td></tr>
<tr><td>१०</td><td>अमिन</td><td>श्री प्रकाश काफ्ले</td><td>३४५,९३०</td></tr>
<tr><td>११</td><td>अ.सव ईन्जिनियर</td><td>श्री उमेश गोतामे</td><td>३४५,९३०</td></tr>
<tr><td>१२</td><td>अ.सव ईन्जिनियर</td><td>श्री क्षितिज अर्याल</td><td>३४५,९३०</td></tr>
<tr><td>१३</td><td>ह.स.चालक</td><td>श्री मान बहादुर गुरुङ्ग</td><td>३१०,०५०</td></tr>
<tr><td>१४</td><td>ह.स.चालक</td><td>श्री सुजन गुरुङ्ग</td><td>२८६,१३०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १५ | ह.स.चालक | श्री अमिर बहादुर चौधरी | २८६,१३० |
| १६ | अ.न.मी. | श्री अर्चना गुप्ता | ३४५,९३० |
| १७ | अ.न.मी. | श्री एस्तरु खड्का | ३४५,९३० |
| १८ | अ.न.मी. | श्री मनिसा कुमारी ढकाल | ३४५,९३० |
| १९ | अ.न.मी. | श्री वर्षा राना | ३४५,९३० |
| २० | अ.न.मी. | श्री नमिता नेम्वाङ्ग | ३४५,९३० |
| २१ | अ.न.मी. | श्री सरीता कुमाल | ३४५,९३० |
| २२ | अ.न.मी. | श्री बिमला पासी | ३४५,९३० |
| २३ | अ.हे.व. | श्री तारा रेग्मी | ३४५,९३० |
| २४ | अ.हे.व. | श्री प्रेम प्रसाद भुषाल | ३४५,९३० |
| २५ | अ.हे.व. | श्री बुद्धिराम चौधरी | ३४५,९३० |
| २६ | अ.हे.व. | श्री संजना विश्वकर्मा | ३४५,९३० |
| २७ | अ.हे.व. | श्री चेत नारायण कोहार | ३४५,९३० |
| २८ | अ.हे.व. | श्री लिला पाठक | ३४५,९३० |
| २९ | अ.हे.व. | श्री गिता श्रीस | ३४५,९३० |
| ३० | अ.हे.व. | श्री गोमा कुवर | ७७२,५७७ |
| ३१ | अ.न.मी. | श्री मनिता गुरुङ्ग | ३४५,९३० |
| ३२ | अ.न.मी. | श्री सविता श्रीस थापा | ३४५,९३० |
| ३३ | अ.हे.व. | श्री तेज कुमारी चालिसे | ३४५,९३० |
| ३४ | अ.न.मी. | श्री जया चौधरी | ३४५,९३० |
| ३५ | अ.न.मी. | श्री सिता गुरुङ्ग | ३४५,९३० |
| | | **जम्मा** | **१२,८८७,१४७** |
| ३६ | नगर निरीक्षक | श्री दिपक तिवारी | ३४५,९३० |
| ३७ | कार्यालय सहयोगी | श्री नवराज थापा | २५३,२४० |
| ३८ | कार्यालय सहयोगी | श्री मित्रकला खनाल | २५३,२४० |
| ३९ | कार्यालय सहयोगी | श्री बासुदेव पराजुली | २५३,२४० |
| ४० | कार्यालय सहयोगी | श्री भवानी सापकोटा | २५३,२४० |
| ४१ | कार्यालय सहयोगी | श्री मेनुका थापा | २५३,२४० |
| ४२ | कार्यालय सहयोगी | श्री सिता बि.क. | २५३,२४० |
| ४३ | नगर प्रहरी | श्री अमृत अधिकारी | २५३,२४० |
| ४४ | नगर प्रहरी | श्री धनिराम चौधरि | २५३,२४० |
| ४५ | नगर प्रहरी | श्री ओम बहादुर सारु | २५३,२४० |
| ४६ | नगर प्रहरी | श्री कृष्ण प्रसाद पौडेल | २५३,२४० |
| ४७ | नगर प्रहरी | श्री सविता न्यौपाने | २५३,२४० |
| ४८ | नगर प्रहरी | श्री नोट प्रसाद भुसाल | २५३,२४० |
| ४९ | ह.स.चा. | श्री प्रविन कुमार पोखरेल | २२२,३०० |
| ५० | ह.स.चा. | श्री कृष्ण बहादुर वाईवा | २२२,३०० |
| ५१ | ह.स.चा. | श्री भीम प्रसाद लामिछाने | २२२,३०० |
| ५२ | स्वीपर | श्री मिना हितङ्ग सार्की | २०१,६३० |
| ५३ | स्वीपर | श्री विना सार्की | २०१,६३० |
| ५४ | स्वीपर | श्री नर्वदा चौधरी | २०१,६३० |
| ५५ | स्वीपर | श्री विष्णा ठडराई | २०१,६३० |
| ५६ | स्वीपर | श्री कमला नेपाली | २०१,६३० |
| ५७ | स्वीपर | श्री चुना कुमारी श्रेष्ठ | २०१,६३० |
| ५८ | स्वीपर | श्री कुल बहादुर खाम्चा | २०१,६३० |
| ५९ | स्वीपर | श्री सुरज चौधरी | २०१,६३० |
| ६० | स्वीपर | श्री जनार्दन बाँसफोर | ७८,००० |
| ६१ | कार्यालय सहयोगी | श्री अस्मिता सुवेदी | २३४,००० |
| ६२ | कार्यालय सहयोगी | श्री दिल कुमारी गुरुङ्ग | २३४,००० |
| ६३ | कार्यालय सहयोगी | श्री लिला थापा | २३४,००० |
| ६४ | कार्यालय सहयोगी | श्री तिल कुमारी नेपाली | २३४,००० |
| ६५ | कार्यालय सहयोगी | श्री जमुना सुवेदी | २३४,००० |
| ६६ | कार्यालय सहयोगी | श्री चित्रा कुमारी घर्ति | २३४,००० |
| ६८ | कार्यालय सहयोगी | श्री चुनी थापा | २३४,००० |
| ६९ | कार्यालय सहयोगी | श्री राधिका पौडेल | २३४,००० |
| ७० | कार्यालय सहयोगी | श्री दुलदेवी सापकोटा | २३४,००० |
| ७१ | कार्यालय सहयोगी | श्री सावित्री कण्डेल | २३४,००० |
| ७२ | कार्यालय सहयोगी | श्री मोलाही बानिया | २३४,००० |
| ७३ | कार्यालय सहयोगी | श्री तारादेवी बस्याल | २३४,००० |
| | | | ० |
| ७४ | कार्यालय सहयोगी | श्री संगिता सिह ठकुरी | २३४,००० |
| ७५ | स्वीपर | श्री भिमिसरा कुमाल | २१८,४०० |
| ७६ | कार्यालय सहयोगी | श्री शिवराज खनाल | २५३,२४० |
| | | **जम्मा** | **९,२५६,३९०** |
| | | **कुल** | **२२१४३५३७** |

| | | |
|---|---|---|
| ४.३ | **कल्याण कोष**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यसवर्ष आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु.३५ लाख ट्रान्सफर गरेकोछ । तर उक्त कोषको संचालनसम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | ३५,००,००० |
| ४.४ | **कर्मचारी प्रोत्साहन भत्ता** –स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।त्यस्तै अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थमन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ।सुनवल नगरपालिकाले यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्यय भार बढ्न गएको रु. | १८,२८,२९८.८१ |

| क्र.स. | दर्जा | कर्मचारीको नाम | वार्षिक | सा सु कर कट्टी | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | श्री रामलाल श्रेष्ठ | ४८,४५६ | ९४८.७८ | ४७,५०७.२२ |
| २ | उप सचिव | श्री बिष्णु प्रसाद गोतामे | ५६,८५६ | ९५५.२० | ५५,९००.८० |
| ३ | शाखा अधिकृत | श्री पशुपति भट्टराई | ४८,४५६ | ८९४.३९ | ४७,५६१.६१ |
| ४ | लेखा अधिकृत | श्री बृहस्पति घिमिरे | ४५,४४४ | ८२८.०६ | ४४,६१५.९४ |
| ५ | ले.प. अधिकृत ( सातौ) तह | श्री राजेन्द्र प्रसाद सापकोटा | ४५,४४४ | ८२७.८८ | ४४,६१६.१२ |
| ६ | कार्यक्रम अधिकृत | श्री मोहनराज ज्ञवाली | ४५,४४४ | ८२८.०६ | ४४,६१५.९४ |
| ७ | अधिकृत छैठै | श्री मिश्री प्रसाद खड्का | ४३,१८८ | ७७१.७९ | ४२,४१६.२१ |
| ८ | इन्जीनियर | श्री सन्तोष गैरे | ४३,१८८ | ८०८.१९ | ४२,३७९.८१ |
| ९ | इन्जीनियर | श्री सन्ध्या ज्ञवाली | १०,७९७ | ४८७.८७ | १०,३०९.१३ |
| १० | वातावरणा विद | श्री खेमराज अवस्थी | ४३,१८८ | ८११.७८ | ४२,३७६.२२ |
| ११ | सूचना प्रविधी अधिकृत | श्री कुमार विभोर सिह | ४३,१८८ | ८११.७८ | ४२,३७६.२२ |
| १२ | कृषि अधिकृत | श्री सन्तोष कर्णेल | ४३,१८८ | ८११.७८ | ४२,३७६.२२ |
| १३ | नायब सुब्बा | श्री घनश्याम ज्ञवाली | ३३,८४० | ६७५.८८ | ३३,१६४.१२ |
| १४ | सव इन्जीनियर | श्री रेशम प्रसाद शर्मा | ३३,८४० | ६६२.९६ | ३३,१७७.०४ |
| १५ | कम्प्युटर अपरेटर | श्री पुरुषोत्तम ढकाल | ३३,८४० | ६६२.९६ | ३३,१७७.०४ |
| १६ | नायब सुब्बा | श्री राधा गौतम | ३३,८४० | ६२१.४२ | ३३,२१८.५८ |
| १७ | सहायक पाँचौ | श्री जय नेपाल बाँनिया | ३३,८४० | ६०८.२० | ३३,२३१.८० |
| १८ | सहायक पाँचौ | श्री मनोज न्यौपाने | ३३,८४० | ६५०.५० | ३३,१८९.५० |
| १९ | सव इन्जीनियर | श्री समिक्षा गुरुङ्ग | ८,४६० | ३८६.६० | ८,०७३.४० |
| २० | सव इन्जीनियर | श्री दुर्गा भण्डारी | ३३,८४० | ६४०.४० | ३३,१९९.६० |
| २१ | का.सहायक | श्री अमरनाथ कवर | ३१,९३२ | ६१८.७३ | ३१,३१३.२८ |
| २२ | का.सहायक | श्री ओम बहादुर थापा | ३१,९३२ | ६१८.७३ | ३१,३१३.२८ |
| २३ | खरिदार | श्री मन्जु अर्याल | ३१,९३२ | ६१८.७३ | ३१,३१३.२८ |
| २४ | अ.स.ई. | श्री छणक प्रसाद कुवर | ३१,९३२ | ६१८.७३ | ३१,३१३.२८ |
| २५ | अ.स.ई. | श्री वन्धुराज पौडेल | ३१,९३२ | ६१८.७३ | ३१,३१३.२८ |
| २६ | का.सहायक | श्री अग्नीधर न्यौपाने | ३१,९३२ | ६१०.७४ | ३१,३२१.२६ |
| २७ | कम्प्युटर अपरेटर | श्री लेखनाथ उपाध्याय गौतम | ३१,९३२ | ६०५.४२ | ३१,३२६.५८ |
| २८ | का.सहायक | श्री दिपक तिवारी | ३१,९३२ | ६०५.४२ | ३१,३२६.५८ |
| २९ | का.सहायक | श्री मोहन प्रसाद पाण्डे | ३१,९३२ | ६१०.७४ | ३१,३२१.२६ |
| ३० | का.सहायक | श्री रेखा कुमारी गुरुङ्ग | ३१,९३२ | ६१०.७४ | ३१,३२१.२६ |
| ३१ | का.सहायक | श्री रीता ढकाली | ३१,९३२ | ६१०.७४ | ३१,३२१.२६ |
| ३२ | खरिदार | श्री कृष्णा बहादुर आले | ३१,९३२ | ६२२.७१ | ३१,३०९.२९ |
| ३३ | अ.क.अ. | श्री सुरज पराजुली | ३१,९३२ | ६०५.४२ | ३१,३२६.५८ |
| ३४ | अमिन | श्री प्रकाश काफ्ले | ३१,९३२ | ६०५.४२ | ३१,३२६.५८ |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | खरिदार | श्री राम प्रसाद पौडेल | ३१,९३२ | ६०५.४२ | ३१,३२६.५८ |
| ३६ | खरिदार | श्री भीम बहादुर चौधरी | ३१,९३२ | ६२२.७१ | ३१,३०९.२९ |
| ३७ | खरिदार | श्री नविन वली | ३१,९३२ | ५६९.४९ | ३१,३६२.५१ |
| ३८ | सह लेखापाल | श्री मोहम्मद समिर अली | ३१,९३२ | ५९८.७६ | ३१,३३३.२४ |
| ३९ | अ.सव ईन्जिनियर | श्री उमेश गोतामे | ७,९८३ | ३६५.९३ | ७,६१७.०७ |
| ४० | अ.सव ईन्जिनियर | श्री क्षितिज अर्याल | ७,९८३ | ३६५.९३ | ७,६१७.०७ |
| ४१ | सवारी चालक | श्री दीपकचन्द्र पौडल | ३४,५४८ | ६३२.६९ | ३३,९१५.३१ |
| ४२ | कार्यालय सहयोगी | श्री नेत्र प्रसाद उपाध्याय | ३१,८८४ | ६२१.८१ | ३१,२६२.१९ |
| ४३ | कार्यालय सहयोगी | श्री कन्हैया प्रसाद थारु | २६,४१२ | ५०२.०३ | २५,९०९.९७ |
| ४४ | कार्यालय सहयोगी | श्री चन्द्रीका प्रसाद यादव | २४,८१६ | ४६६.६८ | २४,३४९.३२ |
| ४५ | वालमैत्री सहजकर्ता | श्री सुम्निमा पन्थी | ३१,९३२ | ६०५.४२ | ३१,३२६.५८ |
| ४६ | ह.स.चालक | श्री मान बहादु गुरुङ्ग | २८,६२० | ५४४.७० | २८,०७५.३० |
| ४७ | ह.स.चालक | श्री सुजन गुरुङ्ग | २६,४१२ | ५०४.२२ | २५,९०७.७८ |
| ४८ | ह.स.चालक | श्री अमिर बहादुर चौधरी | २६,४१२ | ५०४.२२ | २५,९०७.७८ |
| ४९ | कार्यालय सहयोगी | श्री नवराज थापा | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५० | कार्यालय सहयोगी | श्री मित्रकला खराल | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५१ | कार्यालय सहयोगी | श्री वासुदेव पराजुली | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५२ | कार्यालय सहयोगी | श्री भवानी सापकोढा | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५३ | कार्यालय सहयोगी | श्री मेनुका थापा | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५४ | कार्यालय सहयोगी | श्री सिता वि.क. | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५५ | नगर प्रहरी | श्री अमृत अधिकारी | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५६ | नगर प्रहरी | श्री धनिराम चौधरी | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५७ | नगर प्रहरी | श्री ओम बहादुर सारु | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५८ | नगर प्रहरी | श्री कृष्णा प्रसाद पौडेल | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ५९ | नगर प्रहरी | श्री सविता न्यौपाने | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| ६० | नगर प्रहरी | श्री नोट प्रसाद भुसाल | २३,३७६ | ४४८.५६ | २२,९२७.४४ |
| | | **जम्मा** | **१,८६४,४६७** | **३६,१६८.१९** | **१,८२८,२९८.८१** |

४.५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नोक्षेत्र भित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

४.६ **सेवा प्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छः

| **विवरण** | **जम्मा सङ्ख्या** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २६० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १५२३ |
| मृत्युदर्ता | ३७१ |
| बसाईसराई दर्ता | ३४२ |
| विवाह दर्ता | ५९२ |
| सम्बन्धविच्छेद दर्ता | ३९ |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| पुर्वाधार विकास सडक निर्माणतर्फ | |
|---|---|
| सडक कालोपत्रे निर्माण सख्या | ६३ |
| सडक कालोपत्रे मर्मत सख्या | १९ |
| सडक ग्राभेल निर्माण सख्या | १४ |
| सडक ग्राभेल मर्मत सख्या | ९ |

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

५ **आन्तरिक लेखापरीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७७ उपदफा २ अनुसार कार्यालले आन्तरीक लेखापरीक्षण शाखा गठन गरी आन्तरीक लेखा परीक्षण गराएको हुनु पर्दछ । कार्यालयमा अधिकृत सातौं स्तरका लेखापरीक्षण अधिकृत कार्यरत रहेको भएतापनि निजलाई राजश्व शाखाको जिम्मेवारीमा राखी, आन्तरीक लेखापरीक्षण शाखा गठन गरेको देखिएन । कार्यालयको स्थानीय सन्चित कोषसमेत अन्य कोषहरु र आन्तरीक आय तथा न.पा. पूँजीगत तथा चालु खर्चको आन्तरिक लेखापरीक्षण गराएको देखिएन र सो बाहेक अन्य श्रोतको खर्च श्रेस्ता जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरीक्षण गराएको देखियो । अतः कार्यालयले आफ्नै आन्तरीक लेखापरीक्षण शाखा गठन गरी समग्र स्थानीय संचित कोषको आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ ।

६ **स्थानीय तहको पदाधिकारी सुविधा** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

६.१ **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१,३१,४६,००० सुविधा वापत भुक्तानी भएकोछ । कार्यालयले नगर प्रमुख श्री भीम बहादुर थापा क्षेत्रीको पारीश्रमिक बजेट खर्च लेखी नगरपालिकाको सन्चित कोषमा दाखिला गरेको जनाएको छ ।

| सि. नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १३ जना | का पा सदस्य ८ जना | सभाका सदस्य ४५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | **२३,०००** | **४५५,०००** | **१८४,०००** | **५४०,०००** | **१,२०२,०००** |
| २ | २०७७ श्रावणदेखि असोजको सुविधा | | ९०,००० | ९७५,००० | ३४८,००० | १,०८०,००० | २,४९३,००० |
| ३ | यातायात खर्च | | १०८,००० | २१६,००० | ५४९,००० | १,४१७,५०० | २,२९०,५०० |
| ४ | टेलिफोन,मोबाइल | | ३६,००० | ३५१,००० | २१६,००० | १,०१२,५०० | १,६१५,५०० |
| ५ | पुस्तक, पत्रपत्रिका र ईन्टरनेट | | ४५,००० | ४६८,००० | २२५,००० | ८१०,००० | १,५४८,००० |
| ६ | समन्वय तथा सहजीकरण | | ७२,००० | ८१९,००० | ३७८,००० | १,२१५,००० | २,४८४,००० |
| ७ | अतिथि सत्कार | | ५४,००० | ७०२,००० | ५४,००० | | ८१०,००० |
| ८ | खानेपानी, विद्युत तथा सरसफाई | | ४५,००० | | | | ४५,००० |
| ९ | चाडपर्व खर्च | | १५,००० | १५६,००० | ८२,००० | ३६०,००० | ६१३,००० |
| १० | मर्मत संभार र विद्युत/उर्जा खर्च | | ४५,००० | | | | ४५,००० |
| | कार्तिकदेखि असारसम्म ९ महिनाको जम्मा | | **४२०,०००** | **२,७१२,०००** | **१,५०४,०००** | **४,८१५,०००** | **९,४५१,०००** |
| | **कुल** | | **५३३,०००** | **४,१४२,०००** | **२,०३६,०००** | **६,४३५,०००** | **१३,१४६,०००** |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ६.२ | **पदाधिकारीको सुविधा सम्बन्धी व्यवस्थाः** स्थानीय तहका पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी कानूनी व्यवस्था गर्न प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७६ मिति २०७७/३/३ को प्रदेश राजपत्र भाग १ मा प्रकाशन भई कार्यान्वयनमा रहेको छ । ऐनको दफा ३ उपदफा २ मा ऐन प्रारम्भ हुनु अघि कायम रहेको स्थानीय तहका पदाधिकारी तथा समस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ र अनुसूची बमोजिम मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मिति देखि मात्र यस ऐन बमोजिमको सुविधा पाउने उल्लेख रहेको छ । ऐन तथा नियमहरु राजपत्रमा प्रकाशन भए पश्चात लागु हुने र कानून भूतप्रभावी नभई भविष्य प्रभावी हुनुपर्नेमा राजपत्रमा प्रकाशन भएको मिति भन्दा करिब ९ महिना पहिला देखि नै लागु हुने गरी जारी गरेको देखियो । सामान्य कानूनी सिद्धान्ततः ऐन जारी भए पश्चातको मात्र सुविधा प्रदान गर्नुपर्नेमा २०७६ कार्तिक १ गते अर्थात् ९ महिना अगाडिदेखि सुविधा प्रदान गरेको देखिएकोले नगरपालिकालाई रु.९,४५१,००० थप व्ययभार पर्न गएको छ । | |
| ६.३ | **पदाधिकारी अन्य सुविधाः** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।<br>लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले नगरपालिकाका पदाधिकारीहरुलाई ९ महिनामा यातायात सुविधा रु२२९०५००.०० टेलिफोन तथा मोवाइल रु.१६,५१,५००.००पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. १५,४८,०००.०० जनसम्पर्क विशेष कार्यसुविधा रु २४८४०००.०० मर्मत सम्भारमा ४५,०००.०० अतिथि सत्कारमा रु.८,१०,०००.००, खानेपानी विजुली सरसफाईमा रु. ४५,०००.०० समेत रु. ९४,५१,०००.०० खर्च भुक्तानी गरेको देखियो ।<br>कार्यालयले उल्लिखित अनुसारको रु.९४,५१,०००.०० भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| ६.४ | **यातायात खर्चः** लुम्बिनी प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले सुविधा उपलब्ध गराउने ५ र सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले यातायात खर्च पाउने व्यवस्था छ । कार्यालयले यो वर्ष प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरुलाई मासिक १२ हजार, कार्यपालिका सदस्यहरुलाई ८ हजार र सभा सदस्यलाई २ हजार ५ सय ९ महिना अवधीमा २३९८५००.०० यातायात खर्च दिएको छ ।<br>कार्यालयमा ८ वटा चारपांग्रे, २५ वटा मोटरसाईकल र २ वटा स्कुटर रहेको जिन्सी खाताबाट देखियो। कार्यालयको सवारी साधन प्रयोग गरिरहेका वडा अध्यक्षहरुबाट यातायात खर्च पाउनका लागि कार्यालयको सवारी साधन फिर्ता गरिनु हुँदैन । अतः कार्यालयमा सवारी साधन हुँदाहुँदै साविकमा सरकारी सवारी साधन प्रयोग गर्न नचाहेर प्रयोग नगरेका तथा सवारी साधन फिर्ता गरेका पदाधिकारीहरुको यातायात खर्च छानबिन गरी असुल गर्नुपर्ने र यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्दछ । | |

| क. | नामथर | पद | सवारी नम्बर | सवारी साधन | सवारी साधन | सवारी साधन | कैफियत |
|---|---|---|---|---|---|---|---|

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| सं. | | | | खरिद मिति | बुझेको मिति | फिर्ता मिति | |
|---|---|---|---|---|---|---|---|
| १ | श्री बिन प्रसाद बुढाथोकी | वडा अध्यक्ष, वडा नं. १ | लु १ ब १९३१ | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | स्कुटर |
| २ | श्री राजेन्द्र यादव | वडा अध्यक्ष, वडा नं. २ | लु १ ब १९२३ | २०७५/७/१८ | २०७५/११/२३ | फिर्ता नगरेको | मो.सा. |
| ३ | श्री कर्ण बहादुर सेन ठकुरी | वडा अध्यक्ष, वडा नं. ३ | लु १ ब १९२६ | २०७५/७/१८ | २०७५/१०/२४ | फिर्ता नगरेको | मो.सा. |
| ४ | श्री बिर बहादुर गुरुङ्ग | वडा अध्यक्ष, वडा नं. ४ | लु १ ब १९२० | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | मो.सा. |
| ५ | श्री थमन सिंह नेपाली | वडा अध्यक्ष, वडा नं. ५ | लु १ ब १९२७ | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | मो.सा. |
| ६ | श्री राम प्रसाद तामाङ्ग लामा | वडा अध्यक्ष, वडा नं. ६ | लु १ ब १९३० | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | मो.सा. |
| ७ | श्री वसन्तराज दाहाल | वडा अध्यक्ष, वडा नं. ७ | लु १ ब १९२५ | २०७५/७/१८ | २०७५/१०/२४ | फिर्ता नगरेको | मो.सा. |
| ८ | श्री निलकण्ठ गैरे | वडा अध्यक्ष, वडा नं. ८ | लु १ ब १९२१ | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | स्कुटर |
| ९ | श्री कन्हैया थारु | वडा अध्यक्ष, वडा नं. ९ | लु १ ब १९२९ | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | मो.सा. |
| १० | श्री शेषकान्त अधिकारी | वडा अध्यक्ष, वडा नं. १० | लु १ ब १९१९ | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | मो.सा. |
| ११ | श्री कृष्ण प्रसाद देवकोटा | वडा अध्यक्ष, वडा नं. १३ | लु १ ब १९२८ | २०७५/७/१८ | २०७५/१०/२३ | फिर्ता नगरेको | मो.सा. |

७ **अनुदान फिर्ता, वितरण र उपयोग** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

७.१ **अनुदानको अनुगमन**- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समयसमयमा अनुगमन गर्नुपर्दछ।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन ।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।

७.२ **नाफामूलक संस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ जसबाट नाफा कमाउने उद्देश्यले स्थापीत संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदी उपलब्ध गराउने हो भनेपनि सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस निकायले यो वर्ष देहाय अनुसारका नाफामूलक संस्थाको व्यवस्थापनकालागि खर्च गरेको छ । तर त्यसबाट उपयुक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन । यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्ने देखिन्छ।

| सि.नं. | अनुदान पाउने संस्था | भौ.नं. मिति | खर्च प्रयोजन | अनुदान रु. |
|---|---|---|---|---|
| १ | भूमही दुग्ध उत्पादक सहकारी संस्था | १९३-२०७७/३/२३ | ट्रस भवन निर्माण र कार्यालय तथा दुग्ध व्यवस्थापन सम्बन्धी मेशिनरी एवं उपकरण खरिद | ३५४७१५७.०० |
| २ | साना किसान सहकारी | २४३-२०७७/३/२३ | पसल, ब्लक तथा ट्रस भवन निर्माण | ८४९११३.०० |

८ **कर दस्तुर एवं आन्तरिक आय** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

८.१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्तहुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्नसक्ने ब्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ सम्पत्ति, कर, सेवाशुल्क, दस्तुरवापत अनुमानित रु. ११,१४,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिकवर्ष २०७६।७७ मा रु. १०,५६,६९,२४८.०० अर्थात अनुमानको ९४.८६ प्रतिशत आयप्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयआर्जन बृद्धिगर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

८.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्तहुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ।पालिकाले आर्थिकवर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ४१,२७,५४,७६७.३२ | ११,३६,४०,०६३.९५ | १७.७२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १७.७२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८.३ **कर तथा शुल्क असुली –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | प्राप्ती | प्राप्ती प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पत्ति कर | १५,०००,००० | ११,३४३,०३६.९३ | ७५.६२ |
| ११३२१ घर बहाल कर | ७,०००,००० | ५,८६४,०३१.५९ | ८३.७७ |
| ११३२२ बहाल विटौरी कर | ५,०००,००० | ३,२७७,०४९ | ६५.५४ |
| ११६११ व्यवसाय कर | ५,०००,००० | ४,४७४,३७८ | ८९.४९ |
| ११६११ अन्य कर | १,५००,००० | १,५००,००० | १०० |
| १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | ६०,०००,००० | ५७,६६२,९३४ | ९६.१० |
| १४२१९ अन्य सेवा शुल्क तथा विक्री | २,०००,००० | ६,८०१,१८१.८५ | ३४०.०६ |
| १४२४२ नक्सा पास दस्तुर | १,७००,००० | १,६८८,१४४.१६ | ९९.३० |
| १४२४३ सिफारीस दस्तुर | १०,०००,००० | ५,२३९,९८१.११ | ५२.४० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४००,००० | ३५७,८३० | ८९.४६ |
| १४२४९ अन्य दस्तुर | ३,०००,००० | १,४४९,७७१.३३ | ४८.३३ |
| १४५२९ अन्य राजश्व | ८००,००० | ६,०१०,९१०.५२ | ७५१.३६ |
| जम्मा | **१११,४००,०००** | १०५,६६९,२४८.४९ | **९४.८६** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित राजश्व अनुमान तथा असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

८.४ **स्थानीय तहरूको विभाज्य कोष-** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मनोरञ्जन कर लगातका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्य कोषको हिसाव राखेका छैनन। जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्य कोषको बारेमा एकिन हुन सकिएन। अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्य कोषको रकम बाडफाड गर्नुपर्दछ।

८.५ **गिट्टी, ढुंगा, बालुवाको कर बाँडफाँटमा अस्पष्ठताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ। यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ। त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७५ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ। | |
| ८.६ | **राजश्व अभिलेखः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन।अघिल्लो आ.व. को बाँकी के कति छन एकिन गर्न सकिएन।कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ।यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ।अतःकार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो। | |
| ८.६.१ | **वडा कार्यालयको राजश्वः** प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ को दफा २३ (३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १० दिन भन्दा ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम महिनाको एक पटक वा दुई पटकसम्मसमेत गरी बैक दाखिला गर्न गरेकोले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैकं दाखिला भएको अवधिको कार्यालयले छानविन गरी,जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकं दाखिला गरेको विवरण भिडान गरि आम्दानी यकिन गर्न कार्यालयले विशेष ध्यान दिनुपर्दछ।उदाहरणार्थ | |
| | **क** वडा न ८ का वडा सचिव श्री राम प्रसादले पाक्षिक रुपमा दाखिला गर्ने गरेको<br>**ख** वडा न ९ की वडा सचिव श्री राधा गौतम र गङ्गा पाण्डले मासिक रुपमा बैक दाखिला गर्ने गरेको<br>**ग** वडा न १० की वडा सचिव श्री रेखा गुरुङ्गले मासिक रुपमा बैक दाखिला गर्ने गरेको<br>**घ** वडा न ११ की वडा सचिव श्री शरिता शर्माले साप्ताहिक रुपमा दाखिला गर्ने गरेको<br>**ङ** वडा न १३ की वडा सचिव श्री रिता ज्ञवालीले मासिक ३ पटक दाखिला गर्ने गरेको | |
| ८.७ | **व्यवसाय कर —**स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्ति बाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।यस वर्षपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क ५० लाख लक्ष्य रहेकोमा रु. ४४,७४,३७८.०० (८९.४९%) कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेखपूर्ण रुपमा अध्यावधिक गर्नुपर्ने देखिन्छ।पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनुपर्दछ। | |
| ९ | **आयकर एवं मुल्य अभिवृद्धिकर** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ९.१ | **हाटबजारको मुल्य अभिवृद्धि कर असुली र दाखिला**ः मुल्य अभिवृद्धिकर ऐन २०५२ को अनुसूची र मुल्य अभिवृद्धि कर नियमावली २०५३ अनुसार नगरपालिका कार्यालयले हाटबजार ठेक्का राजश्व असुली गर्दा सो लाग्ने मुल्य अभिवृद्धि कर समेत असुलउपर गरी सम्बन्धित राजश्व खातामा दाखिला गरेको हुनुपर्दछ । तर नगरपालिकाले हाटबजार ठेक्का लगाई सेवा सञ्चालन गर्न दिएको ठेक्का सम्झौतामा नेपाल सरकारको नियमानुसार लाग्ने सम्पूर्ण मुल्य अभिवृद्धि कर, आयकर, ठेक्का आदि तथा शुल्कहरु समेत संचालक स्वयंले व्यहोर्नु / बुझाउनु पर्ने उल्लेख गरी हाटबजार संचालकहरुले | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
| --- | --- | --- |
| | आय रकम मात्र असुल गरेकोले सेवा सञ्चालकहरुबाट देहाय अनुसार मुल्य अभिवृद्धि कर असुल गरेको देखिएन । अत उक्त मुल्य अभिवद्धि कर नगरपालिकाको नामबाट सम्बन्धित खाता दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सेवा सञ्चालकहरुबाट असुल गर्नुपर्ने देखिएको रु | ४१८९९०.०० |

| सि.नं | ठेक्का व्यवस्थापन | ठेकेदार/फर्म कम्पनी | सम्झौता मिति | ठेक्का अंक | मु अ कर रु |
| --- | --- | --- | --- | --- | --- |
| १ | बिहिवारे हाटबजार | राज अग्रहरी | २०७६/४/१३ | १३११५०० | १७०४९५ |
| २ | आईतवारे/ मंगलवारे हाटबजार | रामेश्वर अग्रहरी | २०७६/४/५ | १७७१५०० | २३०२९५ |
| ३ | सोमवारे/वुधवारे हाटबजार | दिपक बहादुर खड्का | २०७६/४/१२ | १४०००० | १८२०० |
| | | **जम्मा** | | ३२२३००० | **४१८९९०** |

| | | |
| --- | --- | --- |
| ९.२ | **मूल्य अभिवृद्धि कर कट्टी-** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ।तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ।तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ७२२५२०६. |

| गोभौनं./मिति | खर्च शीर्षक | भुक्तानी पाउनेको नाम | निर्माण कार्य/वडा नं. | मु अकर | ५० |
| --- | --- | --- | --- | --- | --- |
| ७-२०७६/११/५ | सशर्त पँजीगत | नर्थसाउथ इन्जिनियरीङ्ग-१० | स्वास्थ्य केन्द्र भवन - ६ | ११४९६६ | ५७४८३ |
| ७-२०७६/११/५ | सशर्त पँजीगत | नर्थसाउथ इन्जिनियरीङ्ग-६ | स्वास्थ्य केन्द्र भवन - २ | १०९४३२ | ५४७१६ |
| २१-२०७७/२/७ | सशर्त पँजीगत | नर्थसाउथ इन्जिनियरीङ्ग-११ | स्वास्थ्य केन्द्र भवन - ६ | १०२४१८ | ५१२०९ |
| २१-२०७७/२/७ | सशर्त पँजीगत | नर्थसाउथ इन्जिनियरीङ्ग-१२ | स्वास्थ्य केन्द्र भवन - १३ | १०२४२० | ५१२१० |
| २२-२०७७/२/२८ | सशर्त पँजीगत | नर्थसाउथ इन्जिनियरीङ्ग-७ | स्वास्थ्य केन्द्र भवन - ३ | १०१८७८ | ५०९३९ |
| २९-२०७७/३/२४ | सशर्त पँजीगत | अभियन्ता कन्स्टक्सन-८ | स्वास्थ्य केन्द्र भवन - ४ | २१००४९ | १०५०२५ |
| १९-२०७७/३/२४ | सशर्त पँजीगत | अभियन्ता कन्स्टक्सन-८ | स्वास्थ्य केन्द्र भवन - ४ | १५८३२४ | ७९१६२ |
| ८-२०७७/३/३१ | प्रदेशपँजीगत | पन्चकन्याप्लाष्टिक ११ वटा बिल | पाईपआपर्ति | १२२४७८८ | ६१२३९४ |
| १५५-२०७७/३/१५ | न.पा.पँजीगत | नविनकन्स्टक्सन | बनकट्टीसडक मर्मत | १४७०९७ | ७३५४८ |
| २००-२०७७/३/२४ | न.पा.पँजीगत | जगत्रदेवी/आर्याजे.भी. | बनाहासडक मर्मत | २८४१४४ | १४२०७२ |
| १३०-२०७७/२/११ | न.पा.पँजीगत | क्वीकएण्ड क्वलिटी कन्स्टक्सन | पाईपआपर्ति | २७१८३० | १३५९१५ |
| २६२-२०७७/३/३० | न.पा.पँजीगत | क्वीकएण्ड क्वलिटी कन्स्टक्सन | पाईपआपर्ति | ३१८२७२ | १५९१३६ |
| २४-२०७६/७/२१ | न.पा.पँजीगत | शभलक्ष्मीकन्स्टक्सन | हाटबजारनिर्माण | ३८५२८१ | १९२६४० |
| ७८-२०७६/१०/१७ | न.पा.पँजीगत | स्वच्छन्दखानी जे.भी. | प्रशासनीकभवन निर्माण | ३४४७३८४ | १७२३६९२ |
| २३६-२०७७/३/३० | न.पा. पँजीगत | स्वच्छन्द खानी जे.भी. | प्रशासनीक भवन निर्माण | २४३३२०९ | १२१६६०५ |
| २१०-२०७७/३/२६ | न.पा. पँजीगत | कर्माचार्य कन्स्टक्सन | हिलपार्क निर्माण | ७६८४९६ | ३८४२४८ |
| २४५-२०७७/३/३० | न.पा.पँजीगत | आर्याकन्स्टक्सन | ढलनिर्माण | १९२१६७ | ९६०८३ |
| २७३-२०७७/३/३१ | न.पा.पँजीगत | समिरकन्स्टक्सन | सडकनिर्माण | २६२४७३ | १३१२३७ |
| २७५-२०७७/३/३१ | न.पा.पँजीगत | समिरकन्स्टक्सन | सडकनिर्माण | १३६१७९ | ६८०८९ |
| २७८-२०७७/३/३१ | न.पा.पँजीगत | पालस्थाननिर्माण सेवा | सडकनिर्माण | १३७२४८ | ६८६२४ |
| २८७-२०७७/३/३१ | न.पा.पँजीगत | समिरकन्स्टक्सन | सडकनिर्माण | १८४४१२ | ९२२०६ |
| ६-२०७७/१/४ | कोभिड कोष | न्य पवित्रा स्टोर | खाद्य तेल चिनी आदी | १००५५४ | ५०२७७ |
| १८-२०७७/१/२४ | कोभिड कोष | न्य पवित्रा स्टोर | खाद्य तेल चिनी आदी | ७९४२२ | ३९७११ |
| ७-२०७७।२।७ | न पा विशेष कोष | शभलक्ष्मी कन्स्टक्सन | सोमनाथ हाटबजार निर्माण | ११०३७५० | ५५१८७५ |
| ६-२०७७।२।७ | न पा विशेष कोष | कर्माचार्य कन्स्ट्रक्सन | अटो भिलेज निर्माण | ८९०५७९ | ४४५२८९ |
| ८-२०७७।३।२५ | न पा विशेष कोष | कर्माचार्य कन्स्ट्रक्सन | अटो भिलेज निर्माण | १७१३५४ | ८५६७७ |
| ३-२०७६।९।८ | न पा विशेष कोष | न्यू ड्रागन । अर्विट जे भी | अस्नैया हाटवजार निर्माण | ३३२९९८ | १६६४९९ |
| ९-२०७७।३।२९ | न पा विशेष कोष | न्यू ड्रागन । अर्विट जे भी | अस्नैया हाटवजार निर्माण | १२९९०४ | ६४९५२ |
| ५-२०७६।१२।६ | | महालक्ष्मी एण्ड कम्पनी | डिप बोरिंग | ५४९३८५ | २७४६९३ |
| | **जम्मा** | | | **१४४५०४१३** | **७२२५२०६** |

| | | |
| --- | --- | --- |
| ९.३ | **बहाल असुल कर,दस्तुर,सेवा शुल्क र ठेक्का असुलीः** नगरपालिकाको वडा नं. ५ स्थित बायोग्यास जडित सार्वजनिक शौचालय भवनको सटर भाडमा लगाउँदा बहालवाला मोहनीलाल थापा र कार्यालय बीच भएको ठे.नं. ८-२०७५/७६ अनुसार मिति २०७५/७/१९ मा सम्झौता गरी पहिलो वर्ष रु. ४२ हजार र तत्पश्चात प्रत्येक वर्ष १० प्रतिशत भाडा वृद्धि गर्ने गरी सम्झौता भएको देखियो । उक्त सम्झौताको दफा २ अनुसार निजले पहिलो किस्ता श्रावण महिना र दोश्रो किस्ता पौष महिना भित्र बुझाउनु पर्ने व्यवस्था भएकोमा निजले पहिलो वर्षको रु ४२ हजार बुझाउनु पर्नेमा पहिलो | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | किस्ता २०७५/७/१९ मा रु. २२ हजार मात्र बुझाएकोले बाँकी रु. २० हजार र दोश्रो वर्षको रु. ४६२०० समेत ६६२०० असुल गर्न बाँकी रहेको देखियो । उक्त रकम वार्षिक १० प्रतिशतका दरले हर्जना सहित यकिन गरी बाँकी रकम असुल गर्नु पर्ने देखिएको रु. | ६६२०० |
| ९.४ | **मु.अ.कर दाखिलाः** नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बीच भएको सम्झौताको दफा १२ मा सेवा प्रदायकले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर (भ्याट), तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क सबै सेवा प्रदायकले नगर कार्यपालिका र सम्बन्धित राजश्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरेको छ । तर नदीजन्य पदार्थको आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असुल गरी सुनवल नगरपालिकाले नगरपालिका कै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर रु. १२९९९९.८७ निर्माण व्यवसायी रिजन निर्माण सेवा (स्थायी लेखा नम्बर ३०२७१०४६९) ले आफ्नै नामबाट आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको देखियो । मु.अ.कर नरपालिकाको नामबाट दायित्व हुने र सम्बन्धित व्यवसायीकले हिसाब मिलान समायोजन गर्न नपाउनेमा व्यवसायीकै नामबाट व्यवसायीको सम्पर्क नम्बर तथा भ्याट नम्बर उल्लेख गरिएकोले व्यवसायीहरुलाई अनुचित लाभ पुग्न गएको देखियो । अतः देहाय अनुसार व्यवसायीको नामबाट मु.अ.कर दाखिला गरिएकाले नगरपालिकाले विक्रि गरेको प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा आदी) को मु.अ.कर व्यवसायीबाट असुल गरी नगरपालिकाको नामबाट दाखिला हुनु पर्ने रु. | ८२,८३,०२२.८८ |

| आय ठेक्का नम्बर | खोलाको नाम | सेवा प्रदायक व्यवसायी | ठेक्का अंक | मु.अ.कर |
|---|---|---|---|---|
| ६४-२०७६/७७ | तिलकाना | रिजन निर्माण सेवा | ९९,९९,९९९.०० | १२,९९,९९९.८७ |
| ६१-२०७६/७७ | विशासय | एल बि एस एण्ड सुमित्रा सप्लायर्स | ६७,००,०००.०० | ८,७१,०००.०० |
| ६५-२०७६/७७ | तुरीया | रिजन निर्माण सेवा | २,५७,७७,७७७.०० | ३३,५१,१११.०१ |
| ६२-२०७६/७७ | भूमही | हरिओम निर्माण सेवा | २,१२,३७,७७७.०० | २७,६०,९१२.०० |
| | | **जम्मा** | **६,३७,१५,५५३.००** | **८२,८३,०२२.८८** |

| | | |
|---|---|---|
| ९.४.१ | त्यस्तै २०७५/७६ मा समेत माथि सि.नं. ९.४ को जस्तै गरी सेवा प्रदायकको नामबाट उक्त वर्षको मूल्य अभिवृद्धि कर रु. ३१११७४०.०० देहाय अनुसार व्यवसायीको नाममा दाखिला गरेकोले उक्त रकम समेत छानबिन गरी व्यवसायीबाट असुल गरी नगरपालिकाकै नामबाट दाखिला गराईनु पर्ने अथवा आन्तरिक राजश्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु | ३१,१४,७४० |

| सि.नं. | खोलाको नाम | व्यवसायी/सेवा प्रदायक | कबोल अंक | मु.अ.कर |
|---|---|---|---|---|
| १ | पानभार खोला | एस आर डी कन्स्ट्रक्सन | १,००,७०,०००.०० | १३,०९,१००.०० |
| २ | भूमही खोला माथिल्लो खण्ड | आचार्य बिल्डर्स प्रा.लि. | ६१,११,१११.०० | ७,९४,५००.०० |
| ३ | विशासय खोला | लक्ष्मी मल्टिपरपोज प्रा.लि | ७७,७७,९९९.०० | १०,११,१४०.०० |
| | | **जम्मा** | **२,३९,५९,११०.००** | **३१,१४,७४०.००** |

| | | |
|---|---|---|
| ९.५ | **ढुङ्गा,गिट्टी र वालुवा लगायतका नदीजन्य पदार्थ विक्रि सम्बन्धी सम्झौता कार्यान्वयन** | |
| ९.५.१ | सम्झौताको दफा १५ मा व्यवसायीले नदीजन्य पदार्थ विक्रि उत्खनन् संकलनको प्रगति सम्बन्धमा सातामा कम्तीमा एक पटक जानकारी गराउने उल्लेख भएकोमा व्यवसायीले अनुसरण गरेको छैन र कार्यालयले समेत सो को अनुगमन विष्लेषण गर्ने गरेको देखिएन । | |
| ९.५.२ | सम्झौताको दफा ६ मा नदीजन्य पदार्थ उत्खनन् गर्ने परिमाण वा आई ई ई प्रतिवेदनमा निर्धारण गरिएको आधारमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिले सहमति दिएको परिमाण मात्र उत्खनन् गर्नु पर्ने र तोकिए भन्दा बढी परिमाण र तोकिएको क्षेत्र भन्दा बाहिर प्रतिदिन २५० घ.मि. भन्दा बढी नदिजन्य पदार्थ उत्खनन् र संकलन गर्न नपाईने उल्लेख छ । | |

| खोलाको नाम | उत्खनन् गर्न पाउने परिमाण | सम्झौता मिति | विक्रि गर्न पाउने दर |
|---|---|---|---|
| तुरीया खोला | १४९६०८४.७० क्यू.फिट | २०७६/१०/१७ | रु. ११.०० |
| तिलकाना खोला | ३३७९१६.७० क्यू.फिट | २०७६/९/२९ | रु. ११.०० |
| विशासय खोला | ३१२१४०.४० क्यू.फिट | २०७६/९/२९ | रु. ११.०० |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | (तालिका तल) उल्लेखित अनुसारको परिमाण नदीजन्य पदार्थ उत्खनन् गरियो सो सम्बन्धी अभिलेख नराखेको र खोलाको उत्खनन् स्थलमा उत्खनन् पश्चात नापजाँच गरी आई ई ई अनुसारको परिमाण उत्खनन् गरे नगरेको प्रमाणित गर्ने गरेको बुझियो । व्यवसायीले नदीजन्य पदार्थ विक्रि गरेको प्रमाणित रसिदको अर्धकट्टी संकलन गरी परिमाण एकिन गर्न सकिनेमा २०७६ जेष्ठ मसान्तमा विक्रि गर्ने व्यवसायीको रसिद अर्धकट्टी लेखापरीक्षण अवधिसम्म पनि कार्यालयमा पेश भएको नदेखिएकोले आई ई ई अनुसार विक्रि गर्न सकिने भन्दा बढी उत्खनन् गरे नगरेको यकिन गर्न सकिएन । | |
| १० | **उपभोक्ता समिति मार्फत कार्य**यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| १०.१ | **प्राविधिक बिल र कार्यसम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजना को ठेक्काबिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ।लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएकोहो भन्ने सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन।प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन।यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँच लाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। | |
| १०.२ | **जटिल संरचना निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेडटंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। नियमाबलीको ब्यबस्था अनुरुप यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्: | |
| | (तालिका तल) | |
| १०.३ . | **लागत अनुमान घटाएर उपभोक्ता समितिलाई सिमा भन्दा बढीको कार्य**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१)मा रु. १ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उप नियम १ क मा उक्त लागतमा १३% | |

| | | | |
|---|---|---|---|
| भूमही खोला | २८३४२५.०० क्यू.फिट | २०७६/११/११ | रु. ११.०० |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २२-०७६/७/१९ | राममन्दिर पथ बडेरा चोक पश्चिम सडक कालोपत्रे उपभोक्ता समिति | सडक कालोपत्रे | ७,५००,७४३ |
| २३-०७६/७/१९ | खैरेनी पृथ्वी मार्ग सडक कालोपत्रे | सडक कालोपत्रे | ९,७३३,९५३ |
| ४२-२०७६/८/१५ | आवास डाँडाटोल कालोपत्रे उपभोक्ता समिति | सडक कालोपत्रे | ४,२२८,२२५ |
| ५४-२०७६/९/२० | अशोक रानाको घरदेखि शान्ति बरालको घर सम्म कालोपत्रे | सडक कालोपत्रे | ४,७६५,५९५ |
| ६१-२०७६/९/२८ | मनकामना युवा क्लव पूर्व सडक कालोपत्रे | सडक कालोपत्रे | ६,२९८,३२५ |
| ६२-२०७६/९/२८ | बिहारी विद्युतिकरण उपभोक्ता समिति | विद्युतिकरण | ५२७,६१६ |
| ७२-२०७६/१०/६ | नदुवाटोलदेखि किर्तिपुर २ जोड्ने सडक कालोपत्रे | सडक कालोपत्रे | ३,१३६,९३६ |
| ७४-२०७६/१०/१३ | मनकामना युवा क्लव पश्चिम ५०० मि. पक्की नाली सहित सडक कालोपत्रेउपभोक्ता समिति | सडक कालोपत्रे | ६,९९८,२०४ |
| १०२-२०७६/११/२१ | ज्यामिरे रिङ्गरोड राजमार्ग उत्तर सडक कालोपत्रे | सडक कालोपत्रे | ३,४५४,९४६ |
| ११२-२०७६/१२/५ | प्रतापुर जर्गाहा खोला नाली निर्माण उपभोक्ता समिति | नाली निर्माण | ९,६४०,२९१ |
| ११३-२०७६/१२/६ | विद्युतिकरण कार्यक्रम उपभोक्ता समिति | विद्युतिकरण | १,३५४,५२१ |
| १६३-२०७७/३/१६ | रमवापुर मा.वि. आई सी टी भवन निर्माण | भवन निर्माण | २,१८३,८४२ |
| | **जम्मा** | | **५९,८२३,१९७** |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | मूल्य अभिवृद्धि कर, १५% ओभरहेड ५% कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ। तर पालिकाले लागत अनुमान तयार गर्दा खुद मुल्याङ्कनमा मुअकर ओभरहेड र कन्टिन्जेन्सी समावेश गर्दा २.५% कन्टिन्जेन्सी मात्र थप गरी लागत अनुमान तयार गर्दा १ करोड भन्दा घटी देखाइ गरी उपभोक्ता समितिलाइ दिएको देखियो । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुनेगरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ। यसका उदाहरण देहाय अनुसार छन् । | |
| १०.३.१ | २३-२०७६/७/१९ खैरेनी पृथ्वी मार्ग सडक कालोपत्रे कार्यको लागत रु. ९७३३९५२.६४ मा २.५ प्रतिशत कन्टेन्जेन्सी रु. १४६००९.०० समावेश गर्दा कुल लागत रु. १११४५३७६.०० हुनेमा मु.अ.कर तथा ओभरहेड समावेश नगरी ९८७९९६१.९३ मात्र लागत अनुमान देखाई उपभोक्ता समितिले रु. ३९५१९८४.७७ र कार्यालयले रु. ५८४०३७१.५९ मात्र बेहोर्ने गरी उपभोक्ता समिति मार्फत सडक कालोपत्रे गर्ने कार्य गराएको देखियो । | |
| १०.३.२ | ११२-२०७६/१२/५ प्रतापपुर देखि जर्गाहा खोला ओरालो सम्म नाली निर्माण कार्यको लागत रु. ९६४७८०३.२५ मा २.५ प्रतिशत कन्टेन्जेन्सी रु. १४४७१७.५० र मु.अ.कर १३ प्रतिशतले रु. १२५४२१४.४२ समावेश गर्दा रु. ११०४६७३४.७२ हुनेमा मु.अ.कर तथा ओभरहेड अंक समावेश नगरी रु. ९७९२५२०.३० मात्र हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत गराएको देखियो । | |
| १०.३.३ | २२८-२०७७/३/२९ नगरक्षेत्रमा खरको छानो मुक्त अभियान कार्यक्रमको लागत अनुमान रु. ८९७४७३१.८०मा २.५ प्रतिशत कन्टेन्जेन्सी रु. २०७७५९.९८ र १३ प्रतिशत मु.अ.कर रु. ११६७७१५.१३ समेत कुल लागत १०३४९२०६.९१ हुनेमा मु.अ.कर तथा ओभरहेड समावेश नगरी लागत अनुमान रु. ९१८२४८५.८० मात्र कायम गरी कार्यालयले ८३१०३९९.०० र उपभोक्ता समितिले रु. ८७२०८७.०० ब्यहोर्ने गरी उपभोक्ता समिति मार्फत कार्य गराएको देखियो । त्यस्तै उपभोक्ता समितिले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा कार्यालयले उपभोक्ता समितिलाई दिएको कार्यदिशमा नगर क्षेत्रमा रहेका खरको छानो भएका घरको संख्या र मुक्त गरिएका घरको संख्या उल्लेख नगरेकोले अभियानले समेटेको अवस्था स्पष्ट भएन । | |
| १०.४ | **जनश्रमदानः** सार्वजनिक खरिद नियमावाली,२०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिदा लागत अनुमानमा रहेको मू.अ.कर,ओभरहेड,कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले व्यहोर्नु पर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ ।तर कार्यसम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातीक कट्टी गरी भुक्तानी दिनु पर्नेमा सो गरेको नदेखिएकाले देहाय अनुसारको रकम असुल गर्नुपर्ने देखिएको रु | ९०,८१६ |

| गो.भौ.नं.र मिति | उ.स. र काम | सम्झौता रकम | कार्यालयले व्यहोर्ने | कार्यसम्पन्न रकम | उपभोक्ताले ब्यहोर्ने | घटी अनुपातिककट्टी रकम |
|---|---|---|---|---|---|---|
| २५८-२०७६/१०/१० | जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम उपभोक्ता समिति | १३३,००० | १००,००० | १२५,७४१ | २४.८१ प्रतिशत | ५,४५५ |
| ३१५-२०७६/११/११ | युवा लक्षित भलिवल प्रतियोगिता कार्यक्रम उपभोक्ता समिति | २२०,००० | १००,००० | १८०,४३९ | ५४.५४ प्रतिशत | १७,९७२ |
| ३४५-२०७६/११/२१ | वडा स्तरीय भलिवल कार्यक्रम उपभोक्ता समिति | १२४,१०० | १००,००० | १३०,०६० | ३०.६० प्रतिशत | ९,७३८ |
| ४७१-२०७७/२/१८ | सोमनाथ बाबा जेष्ठ नागरिक दिवासेवा उपभोक्ता समिति | ३२५,००० | २००,००० | २३१,३१० | ३८.४६ प्रतिशत | ५७,६५१ |
| | जम्मा | ८०२,१०० | ५००,००० | ६६७,५५० | | ९०,८१६ |

| | | |
|---|---|---|
| १०.११ | **बिल भर्पाईः** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियमा ३६ (३) मा खर्च गर्दा | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | खर्चको बिल भर्पाई सहित लेखा रान्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न अनुसारको खर्च लेखेकोमा सो को पुष्टयाई गर्ने प्रमाण कागजात संलग्न नगरेकोले प्रमाण पेश गर्नु पर्ने देखिएको रु | १४२०० |

| सि.नं. | गो.भौ.नं. र मिति | विवरण | भुक्तानी प्रप्त गर्ने व्यक्ति | भुक्तानी रु |
|---|---|---|---|---|
| १ | २३२-२०७६/९/२७ | हवाई टिकट पेश नभएको (२६ नोभेम्बर २०१९) | श्री बिष्णु प्रसाद गोतामे | ५२०० |
| २ | ७०२-२०७७/३/३१ | संचार महशुलको सक्कल बिल नभएको | श्री कुमार बिभोर सिंह | ९००० |
| | | जम्मा | | १४२०० |

११ **नगरपालिका पूजिगत खर्च** नगरपालिकाको पूजिगत खर्च (न.पा) तर्फको  आर्थिक कारोवारको बैंक नगदी किताव अनुसार ३२० वटा गोश्वारा भौचर नम्बर बाट बजेट खर्च रु. २२,५०,४४,४९२। भएको मध्ये बैंक नगदी कितावको बजेट खर्च महलमा रु. १० लाख भन्दा बढी खर्च देखिएको ५२ वटा गोश्वारा भौचर नं छनौट गरी सोसंग सम्बन्धित खर्च रु. १४,६६,१२,३४९ को नमूना छनौट गरी उक्त खर्च शिर्षकको लेखापरीक्षण सम्पन्न गरिएको छ । उल्लेखित परीक्षणमा देखिएको व्यहोरा देहाय अनुसार देखिएका छन् ।

११.१ **खरिद सम्झौता र ठेक्का व्यवस्थापन**ः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यहरु प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालय यो वर्ष ६६ वटा ठेक्का बन्दोवस्त गरेकोमा दोस्रो चौमासिकमा २६ वटा र अन्तिम चौमासिकमा ४० वटा ठेक्का बन्दोवस्त गरेको र सो  मध्ये आषाढ महिनामा मात्र १० वटा ठेक्का वन्दोवस्त गरेको देखियो । यो वर्ष वन्दोवस्त गरिएका ठेक्का मध्ये ९ वटा ठेक्का मात्र सम्पन्न भएको देखियो ।कार्यालयले उल्लिखित ठेक्का अनुसार खर्च भएको रकमगत विवरण पेश तयार गरेको छैन । आर्थिक वर्षको अन्तमा गरिने ठेक्का सम्झौता अनुसारको निर्माण कार्य वर्षातको मौसम हुने भएकोले गुणस्तर नियन्त्रण हुन सक्दैन । अत नियमावलीमा निर्धारित व्यवस्था अनुसार ठेक्का बन्दोवस्त गरिनु पर्दछ ।

| क्र.स. | कार्यक्रम को नाम | ठेक्का सम्झौता रु हजारमा | | | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | | आषाढ महिनाकोमात्र | | | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| | **भवन, सडक, पुल अन्य पूर्वाधार समेत** | ६६ | | ० | | २६ | | ४० | | १० | | ९ | |
| | | ६६ | | ० | | २६ | | ४० | | १० | | ९ | |

**११.२** **खरिद इकाइ र खरिद योजनाः** सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७),(८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan)स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको        देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन ।

**११.३** **निर्माण कार्यको विमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केहीको विमा नगराएको, केहीको विमाको प्रमाण नभएको र केहीको घटी अवधिको विमा गराएको देखियो । यसका केही उदाहरण देहाय अनुसार छन । अतःनियमावली अनुसार निर्माण कार्यको विमा गराई जोखिम न्यूनीकरण गरिनु पर्दछ । | |

| ठे.नं | कार्यविवरण | निर्माण व्यवसायीको नाम | सम्झौता अंक | समाप्त गर्नु पर्ने मिति | विमा हुनु पर्ने | विमा गरेको अवधि |
|---|---|---|---|---|---|---|
| ८-२०७६/७७ | स्वास्थ्य भवन निर्माण वडा ४ | अभियन्ता कन्स्ट्रक्सन | ५०२८३७२.०० | २०७७/६/३० | २०७७/६/३० | २०७७/२/२७ |
| ६-२०७६/७७ | स्वास्थ्य भवन निर्माण वडा २ | नर्थ साउथ इ. सर्भिस | २९८०५१९.०० | २०७७/६/३० | २०७७/६/३० | २०७७/२/३० |
| ७-२०७६/७७ | स्वास्थ्य भवन निर्माण वडा ३ | नर्थ साउथ इ. सर्भिस | २९०२१४१.०० | २०७७/८/३० | २०७७/८/३० | २०७७/२/३० |
| १०-२०७६/७७ | स्वास्थ्य भवन निर्माण वडा ६ | नर्थ साउथ इ. सर्भिस | २९०२१४१.०० | २०७७/८/३० | २०७७/८/३० | २०७७/२/३० |
| ११-२०७६/७७ | स्वास्थ्य भवन निर्माण वडा ७ | नर्थ साउथ इ. सर्भिस | २९०२१४१.०० | २०७७/६/३० | २०७७/६/३० | २०७७/२/३० |
| १२-२०७६/७७ | स्वास्थ्य भवन निर्माण वडा १३ | नर्थ साउथ इ. सर्भिस | २८९७५६४.०० | २०७७/९/२५ | २०७७/९/२५ | २०७७/२/३० |
| | बनकट्टी मुस्लिम टोल सडक | नविन कन्स्ट्रक्सन | १३१४८३४.०० | २०७७/२/१७ | व्यवस्था नभएको | नगरेको |
| २७-२०७६/७७ | हर्दिया नाला निर्माण | आर्या कन्स्ट्रक्सन | १६७०३२५.०० | २०७७/३/१० | व्यवस्था नभएको | नगरेको |
| ८७-२०७६/७७ | बालमैत्री सडक | समिर कन्स्ट्रक्सन | ३४८०१३२.०० | २०७७/८/१५ | ७५०००।- | नगरेको |
| ५०-२०७६/७७ | केराबारी सडक | समिर कन्स्ट्रक्सन | १३११७४४.०० | २०७७/३/३० | व्यवस्था नभएको | नगरेको |
| ५१-२०७६/७७ | बर्दगोरीया सडक | पालुस्थान निर्माण सेवा | ११९३००९.०० | २०७७/३/१५ | व्यवस्था नभएको | नगरेको |
| ५-२०७६।१२।६ | डिप बोरिँग निर्माण कार्य | महालक्ष्मी एण्ड कम्पनी | ५११०५९७।९२ | २०७६।११।२५ | व्यवस्था नभएको | नगरेको |
| ९-२०७७।३।२९ | अस्नैया हाट बजार निर्माण | न्यू ड्रागन।अर्विट इन्जिनियरिँग | ४०७०३९०।६८ | २०७६।१०।२० | ५००००।- | नगरेकव |
| ७-२०७७।२।७ | सोमनाथ हाटवजार निर्माण | शुभलक्ष्मी कन्स्ट्रकसन | १३००६८८६।२२ | २०७६।१२।१५ | २०७७।१२।१५ | २०७७।१२।३ |
| | | | | | | |

| | | |
|---|---|---|
| ११.३.१ | १९-२०७७/२/७ र २९-२०७७/३/२४ निर्माण व्यवसायीसंगको सम्झौतामा संलग्न BOQ को प्रोभिजनल (PS Amount) मा रहेको खर्च निजले गरेको खर्चको बील अनुसार सोधभर्ना भुक्तानी गरेको हुनु पर्दछ । अभियन्ता कन्स्ट्रक्सनसंग वडा नं. ४ मा स्वास्थ्य संस्था भवन निर्माण गर्ने कार्यको BOQ को PS रकममा मु.अ.कर बाहेक रु. १०००००.०० विमा व्यवस्था गरे अनुसार मु.अ.कर समेत रु. ११३०००.०० भुक्तानी गरेको देखियो । तर निजले विमा शुल्क रु. ६६९५९.६९ र सो मा लागेको मु.अ.कर रु. ८०७८.१६ समेत रु. ७५०३७.८५ को खर्चको प्रमाण पेश गरेकोले प्रमाण भन्दा रु. ३७९६२.१५ बढी भुक्तानी गरेको देखियो ।अतः बढी भुक्तानी गरेको रकम असुल गर्नु पर्ने रु. | ३७९६२.१५ |
| ११.३.२ | गो.भौ.नं. २७८-२०७७/३/३१ कार्यालयले खुटहट जाउटोल उत्तरायण तिर्थस्थल सम्म जोड्ने सडक निर्माण कार्य निर्माण व्यवसायी समिर कन्स्ट्रक्सनको घटी कबोल अंक रु. ३६०१२४९.०० स्वीकार गरी २०७७/३/२५ सम्ममा सम्पन्न गर्ने गरी २०७६/११/२६ मा सम्झौता गरेकोमा कोभिड महामारीका कारण देखाई २०७७/९/२५ सम्म सम्पन्न गर्नु पर्ने अवधी थप गरेको देखियो । त्यस अनुरुप सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार उक्त निर्माण कार्यको २०७६/११/२६ देखि २०७७/९/२५ र वारेन्टी अवधी १२ महिना सम्मको विमा गराएको हुनु पर्दछ । तर निर्माण व्यवसायीले २०२०/११/१८ सन् देखि २०२०/१२/२० सन् | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | १ महिनाको मात्र विमा गराएकोले नियमसम्वत देखिएन । अतः नियमावली अनुसार तोकिएको अवधीको विमा गराई निर्माण स्थलमा हुने जोखिम न्यूनीकरण गरिनु पर्दछ । | |
| ११.४ | **कार्यसम्पादन जमानत** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व DLP को अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केही निर्माण कार्यको कार्यसम्पादन जमानतको मान्य अवधि घटि रहेको देखियो । यसका केही उदाहरण देहाय अनुसार छन् । अत निर्माणकार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप गरिनु पर्दछ । | |

| ठे.नं | निर्माण कार्यविवरण | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | जमानत हुन पर्ने मिति | जमानत भएको मिति |
|---|---|---|---|---|---|---|
| ८-२०७६/७७ | स्वास्थ्य भवन निर्माण, वडा नं. ४ | अभियन्ता कन्स्ट्रक्सन | ५०२८३७२ | २०७७/६/३० | २०७८/७/३० | २०७८/४/३ |
| ८७-२०७६/७७ | सडक कालोपत्रे निर्माण | समिर कन्स्ट्रक्सन | ३४८०१३२ | २०७७।८।१५ | २०७८।९।१५ | २०७८।६।२९ |
| ५०-२०७६/७७ | | | १३११७४४ | २०७७।३।३० | २०७८।४।३० | २०७८।३।३० |
| ७०-२०७६/७७ | | | ३६०१२४९ | २०७७।९।२५ | २०७८।१०।२५ | २०७८।६।२१ |
| ३५-२०७५।७६ | सोमनाथ हाटबजार | शुभलक्ष्मी कन्स्ट्रक्सन | १३००६८८६ | २०७६।१२।१५ | २०७८।१।१५ | २०७८।१।१ |
| ३३-२०७५।७६ | अटो भिलेज | कर्माचार्य कन्स्ट्क्सन | ९४८१५०६।६९ | २०७७।३।१५ | २०७८।४।१५ | २०७८।१।३० |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ११.५ | **नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement BooK नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ । | |

| **ठे.नं** | **निर्माण कार्य विवरण** | **निर्माण व्यवसायीको नाम** | **सम्झौता अंक** | **हालसम्मको खर्च** | **गत वर्षको खर्च** | **यो वर्षको खर्च** |
|---|---|---|---|---|---|---|
| ३५-२०७५।७६ | सोमनाथ हाटवबजर | शुभलक्ष्मी कन्स्ट्रक्सन | १३००६८८६।२२ | **१२९४३११७।-** | ३३४८९८३।- | ९५९४२३४।- |
| | प्रशासनिक भवन निर्माण | स्वच्छन्द / खानी जे भी | १७९१४८८७२। | ५१११५९२३। | | ५१११५९२३। |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ११.६ | **कार्य स्वीकार प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्ने गरेको देखिएन । लेखापरीक्षणमा समेटिएका केही निर्माण कार्यको उदाहरण देहाय अनुसार छन । अतः नियमावली अनुसार निर्माण कार्य सम्पन्न भई अन्तिम विलको भुक्तानी गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्ने गरिनु पर्दछ । | |

| **ठे.नं** | **निर्माण व्यवसायीको नाम** | **निर्माण कार्य** | **सम्पन्न मिति** | **कुल खर्च** |
|---|---|---|---|---|

<table>
<tr><th>सि न</th><th>गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२७-२०७६/०७७</td><td>आर्या कन्स्ट्क्सन एण्ड मल्टी</td><td>हर्दिया २ मा पक्कि नाला सहित ढल</td><td>२०७७/३/१०</td><td>१६७०३२५</td></tr>
<tr><td>३८-२०७५।७६</td><td>महालक्ष्मी कन्स्ट्क्सन</td><td>डिप बोरिँग</td><td>२०७६।११।२५</td><td>४७७५४२१।९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११.६.१</td><td>निर्माण कार्यको क्षतिपूर्तिः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ को खण्ड (क) निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारीत क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । कार्यालयले ठेक्का नं. २७-२०७६/७७ को हर्दिया २ नम्बरमा पक्की नाला सहितको ढल निर्माण गर्ने कार्य निर्माण व्यवसायी आर्या कन्स्ट्रक्सन एण्ड मल्टी प्रपोज प्रा.लि. लाई निजको कबोल अंक रु. १६७०३२५.३० मा ठेक्का सम्झौता गरी २०७७/३/१० सम्ममा सम्पन्न गर्ने गरी २०७६/११/२१ मा कार्यदिश दिएकोमा निजले कार्यसम्पन्न भएको जानकारी २०७७/३/२९ गते कार्यालयमा दर्ता गरेको देखिएकोले सम्झौता बमोजिमको अवधीमा कार्यसम्पन्न गर्न सकेको देखिएन । अतः उक्त निर्माण कार्यको ढिला दिन २०७७/३/११ देखि २०७७/३/२९ सम्म सम्झौता अंक रु. १६७०३२५.३० को ०.०५ प्रतिशतले १८ दिनको पूर्व निर्धारीत क्षतिपूर्ति असुल गर्नु पर्ने देखिएको रु.</td><td>१५०३३</td></tr>
<tr><td>११.७</td><td>कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतीवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । यसका केही उदाहरण देहायमा छ ।अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकादर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ। त्यस्तै अधिकाशं निमार्ण कार्यको कार्य स्वीकार र कार्य सम्पन्नको एउटै प्रतिवेदन तयार गरी अन्तिम वील साथ पेश गरेको देखियो ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>ठे.नं</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण कार्य</th><th>सम्पन्न मिति</th><th>कुल खर्च</th></tr>
<tr><td>२७-०७६/७७</td><td>आर्या कन्स्ट्क्सन</td><td>हर्दिया २ मा पक्कि नाला सहीत</td><td>२०७७/३/१०</td><td>१६७०३२५</td></tr>
<tr><td></td><td>नविन कन्स्ट्क्सन</td><td>वनकट्टी मुस्लिम टोल सडक</td><td>२०७७/२/२७</td><td>१२७८६११</td></tr>
<tr><td>६७-०७६/७७</td><td>न्यू जगत्रदेवी / आर्या</td><td>सनवल बनाह सडक</td><td>२०७७/२/२६</td><td>२४६९८६४</td></tr>
<tr><td>३४-०७६/७७</td><td>कर्मचार्या कन्स्ट्क्सन</td><td>हिलपार्क निर्माण</td><td>२०७७/१२/१५</td><td>६६८००००</td></tr>
<tr><td>५०-०७६/७७</td><td>समिर कन्स्ट्क्सन</td><td>भेराबारी बालुवा सडक</td><td>२०७७/३/३०</td><td>११८३७१०</td></tr>
<tr><td>५१-०७६/७७</td><td>पालुस्थान निर्माण सेवा</td><td>बर्दगोरीया बलुहवा सडक</td><td>२०७७/३/१५</td><td>११९३००९</td></tr>
<tr><td>३८-२०७५।७६</td><td>महालक्ष्मी एण्ड कम्पनी प्रा लि</td><td>डिप बोरिँग</td><td>२०७६।११।२५</td><td>४७७५४२२</td></tr>
<tr><td>३६-२०७५।७६</td><td>न्यू ड्रागन। अर्विट इन्जिनियरिँग</td><td>अस्नैया हाटवबजार</td><td>२०७६।१०।२०</td><td>४०२३६८८</td></tr>
<tr><td>३३-२०७५।७६</td><td>कर्माचार्या कन्स्ट्रक्सन</td><td>अटो भिलेज</td><td>२०७७।३।१०</td><td>९२३०८०७</td></tr>
<tr><td>३५-२०७५।७६</td><td>शुभलक्ष्मी कन्स्ट्रक्सन</td><td>सोमनाथ हाट बजार</td><td>२०७६।१२।१५</td><td>१२९४३११७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११.८</td><td>गुणस्तर सुनिश्चितताः निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताकोलागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग</td><td></td></tr>
</table>

<table>
<tr><th>सि न</th><th>गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>गरेका डण्डी, गिट्टी, सिमेन्ट र बालुवाको स्वयं Strength test गरेतापनि सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग गरिने विटुमिनको गुणस्तर परिक्षण गरेको छैन । त्यस्तै निर्माण पश्चात स्पेशिफिकेशन तथा निर्माण शर्त अनुसार भए नभएको गुणस्तर परिक्षण गर्ने गरेको समेत दखिएन । फलामे डण्डी, गिट्टी, सिमेन्ट र बालुवाको Strength test कार्यालयले गराउन लगाएको देखिएन । सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग भएको विटुमिन लगायत सबै सामाग्रीको कार्यालयको तर्फबाट समेत ल्याव परिक्षण गराउन लगाई गुणस्तर सुनिश्चित गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.९</td><td>निर्माण व्यवसायी कोषः निर्माण व्यवसायी नियमावली २०५६ को नियम १४ मा निर्माण व्यवसायीलाई भुक्तानी हुने रकममा ०.१० प्रतिशतका दरले कट्टी गरी निर्माण व्यवसाय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयलको निर्माण कार्यका देहायका निर्माण कार्य छनौट गरी परीक्षण गरिएकोमा निर्माण व्यवसायीलाई मु.अ.कर बाहेक देहाय अनुसारको भुक्तानीमा निर्माण व्यवसायी कोष कट्टी गरेको देखिएन । यस्तै अन्य निर्माण व्यवसायीको भुक्तानीमा लाग्ने कोष कट्टी रकम कार्यालय स्वयंले यकिन गरी असुल गर्नु पर्दछ । साथै देहायको भुक्तानीमा लाग्ने निर्माण व्यवसायी कोष असुल गर्नु पर्ने देखिएको रु.</td><td>६४४४१</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं</th><th>भौ.नं र मिति</th><th>निर्माण कार्यको नाम</th><th>निर्माण व्यवसायीको</th><th>भुक्तानी मु.अ.कर समेत</th><th>कोष रु</th></tr>
<tr><td>१</td><td>१५५-२०७७/३/१५</td><td>सडक निर्माण</td><td>नविन कन्ष्ट्रक्सन</td><td>१२७८६११.००</td><td>११३१.००</td></tr>
<tr><td>२</td><td>२००-२०७७/३/२४</td><td>सडक निर्माण</td><td>न्यू जगत्रदेवी/आर्या</td><td>२४६९८६४.००</td><td>२१८५.००</td></tr>
<tr><td>३</td><td>२४-२०७६/७/२१</td><td>सोमनाथ हाटबजार</td><td>शुभलक्ष्मी कन्स्ट्रक्सन</td><td>३३४८९८४.००</td><td>२९६४.००</td></tr>
<tr><td>४</td><td>७८-२०७६/१०/१७</td><td>कार्यालय भवन निर्माण</td><td>स्वच्छन्द खानी जे.भी.</td><td>२९९६५७१८.००</td><td>२६५१८.००</td></tr>
<tr><td>५</td><td>२३६-२०७७/३/३०</td><td>कार्यालय भवन निर्माण</td><td>स्वच्छन्द खानी जे.भी.</td><td>२११५०२०५.००</td><td>१८७१७.००</td></tr>
<tr><td>६</td><td>२१०-२०७७/३/२६</td><td>हिलपार्क</td><td>कर्माचार्य कन्स्ट्रक्सन</td><td>६६८००००.००</td><td>५९११.००</td></tr>
<tr><td>७</td><td>२४५-२०७७/३/३०</td><td>ढल निकास</td><td>आर्या कन्स्ट्रक्सन</td><td>१६७०३२५.००</td><td>१४७८.००</td></tr>
<tr><td>८</td><td>२७३-२०७७/३/३१</td><td>सडक कालोपत्रे</td><td>समिर कन्स्ट्रक्सन</td><td>२२८१३९६.००</td><td>२०१९.००</td></tr>
<tr><td>९</td><td>२७५-२०७७/३/३१</td><td>केराबारी सकड</td><td>समिर कन्स्ट्क्सन</td><td>११८३७१०.००</td><td>१०४५.००</td></tr>
<tr><td>१०</td><td>२७८-२०७७/३/३१</td><td>बर्दगोरिया सडक</td><td>पालुस्थान निर्माण सेवा</td><td>११९३००९.००</td><td>१०५५.००</td></tr>
<tr><td>११</td><td>२८७-२०७७/३/३१</td><td>खुटहट सडक</td><td>समिर कन्सट्रक्सन</td><td>१६०२९७०.००</td><td>१४१८.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>६४४४१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११.१०</td><td>खर्चको प्रमाणः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । तर कार्यालयले देहाय अनुसार विद्यालयलाई ६० र ४० को लागत सहभागितामा बस खरिद गर्न आर्थिक प्रशासन शाखाको लेखा परीक्षण समेत सोही विद्यालयले गराउने राय अनुसार निकासा दिएको देखियो । अतः उल्लेखित विद्यालयहरुले सवारी साधन खरिद गरेको खर्चको प्रमाण र सवारी साधन दर्ता प्रमाण पत्र पेश गरिनु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>विद्यालयको नाम</th><th>उद्देश्य</th><th>रकम रु.</th></tr>
<tr><td>१९-२०७६/६/१७</td><td>महाकवि देवकोटा मा.वि.</td><td>बस खरिद</td><td>२,५००,०००</td></tr>
<tr><td>१९-२०७६/६/१७</td><td>ज्योति मा.वि.</td><td>बस खरिद</td><td>२,५००,०००</td></tr>
<tr><td>१९-२०७६/६/१७</td><td>जनसेवा मा.वि.</td><td>बस खरिद</td><td>२,५००,०००</td></tr>
<tr><td>५१-२०७६/८/३०</td><td>धान्याञ्चल महायज्ञ मा.वि.</td><td>बस खरिद</td><td>२,५००,०००</td></tr>
<tr><td>७७-२०७६/१०/१७</td><td>सरस्वती प्रा.वि.</td><td>ई-रिक्सा</td><td>५००,०००</td></tr>
<tr><td>७७-२०७६/१०/१७</td><td>पञ्चरत्न प्रा.वि.</td><td>ई-रिक्सा</td><td>५००,०००</td></tr>
<tr><td>१३९-२०७७/२/२१</td><td>भगवती मा.वि.</td><td>बस खरिद</td><td>१,२३२,४८४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१२,२३२,४८४</td></tr>
</table>
साथै उल्लेखित अनुसार कार्यालयले विद्यालयहरुलाई सवारी साधन खरिदकालागि बजेट निकासा गर्दा</td><td></td></tr>
</table>

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | सवारी साधन मर्मत संभार तथा संचालन र दिगोपनाको सुनिश्चितताकालागि व्यवस्था गरेको देखिएन । यसबाट प्रदत्त सुविधा एवं सम्पत्तिको संरक्षण र दिगोपनाको सुनिश्चितता गरिनु जरुरी देखिन्छ । | |
| ११.११ | **न.पा. कृषि बिउ वितरणः** गो.भौ.नं. १४४-२०७७/२/३० बाट कार्यालयले कृषि विकास कार्यक्रम अन्तरगत कृषकहरुलाई कृषकको ७० प्रतिशत र कार्यालयको ३० प्रतिशत अनुदानमा वितरण गरेको बिउ बिजन खेती लगाउने जग्गाका आधारमा सम्बन्धित कृषकलाई बितरण गरेको हुनु पर्दछ । साथै उन्नत बिउ खरिद गर्दा उत्पादकत्व समेत परिक्षण गरिएको हुनु पर्दछ । कार्यालयले कृषकहरुबाट ७० प्रतिशत मूल्य कार्यालयमा नै दाखिला गरेको ७० प्रतिशत नगर सहभागिता समेतका आधारमा लुम्बिनी सिड कम्पनी प्रा.लि.बाट देहाय अनुसार बिउ १६८२१००.०० को धानको बिउ खरिद गरेको देखियो । उन्नत जातको धानको बिउ खरिद गर्दा नेपाल कृषि अनुसन्धान परिषद अन्तरगतका अनुसन्धान केन्द्रहरुबाट खरिद गर्नु पर्ने व्यवस्था कृषि तथा पशुपंक्षि विकास मन्त्रालयले गरेतापनि कार्यालयले अन्यत्र निजी क्षेत्रबाट खरिद गर्ने गरेको देखियो । अतः नेपाल कृषि अनुसन्धान परिषदबाट उपलब्ध हुन नसकेमा मात्र अन्य निकायबाट उत्पादकत्व परिक्षण भएको गुणस्तरीय बिउ खरिद गरी सम्बन्धित कृषकहरुलाई बाली लगाउने जग्गाका आधारमा वितरण गरिनु पर्दछ । | |

| सि.नं. | बिउको विवरण | परिमाण के.जी. | मूल्य |
|---|---|---|---|
| १ | उन्नत धान - बहुगुणी २ | २०३३५ | १२२०१००.०० |
| २ | उन्नत धान - रामधान | ७००० | ४६२०००.०० |
| | जम्मा | २७३३५ | १६८२१००.०० |

| | | |
|---|---|---|
| ११.१२ | **सफ्टवेयर खरिदः** नेपाल सरकारको सूचना प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका,२०७१ को बुँदा नं.४ (१) मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतिय माध्यमबाट संचालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सम्बन्धित सफ्टवेयर खरिद गरी देहाय बमोजिमको रु. ९९७११२.०० खर्च गरेकोमा सफ्टवयरको सूचना तथा प्रविधी विभागबाट स्वीकृति लिएको देखिएन । यस्ता सफ्टवयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ । लेखापरिक्षणको क्रममा कार्यालय र अन्तरगत जडान गरिएका ई हाजिरी सम्बन्धी कुनै पनि सफ्टवयर संचालन नरहेको देखियो । अतः खरिद गरी जडान भएका सफ्टवयरहरुको उपयोग एवं नियमित अनुगमन समेत गर्ने गरी सेवा प्रवाहलाई पारदर्शी एवं प्रभावकारी बनाउनु पर्दछ । | |

| भौचर नं. र मिति | आपूर्तिकर्ताको नाम | सफ्टवयरको नाम | रकम रु. |
|---|---|---|---|
| १७-२०७६/६/१५ | फोनिक्स सोलुसन प्रा.लि. | नगर योजना व्यवस्थापन सूचना प्रणाली (Municipal Planing MIS) | ४९८८९५ |
| २६५-२०७७/३/३१ | नेचुरल इलेक्ट्रोनिक्स प्रा.लि | ई हाजिरी १३ वटा वडा र न.पा. कार्यालय | ४९८२१७ |
| | जम्मा | | ९९७११२ |

| | | |
|---|---|---|
| ११.१३ | **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ।नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम गरेको देखिन्छः | |

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र (रु.हजारमा) | | बोलपत्र (रु.हजारमा) | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १५३१३० | ५ | २०५४ | २३ | २५५८२ | ३५ | १२५४९४ | ११ | ५३६२८ |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ११.१४ | **नगरपालिका विशेष कोष र सुत्र प्रणालीः** कार्यालयले नगरपालिकामा प्राप्त भएका सबै अनुदान निकासा दान दातव्य वा आम्दानी स्थानीय सन्चित कोषमा जम्मा गरि कार्यक्रम अनुसार खर्च गरेको हुनु पर्दछ । तर कार्यालयले सँघिय तथा प्रदेश सन्चित सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रममा खर्च नभई बाकि रहेको बचत रकम सम्बन्धित खातामा फिर्ता दाखिला गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा नपठाई नगरपालिका विशेष कोष स्थापना गरि सोही कोषमा राखेर खर्च गर्ने गरेको देखियो । कार्यालयले पेश गरेको विवरण अनुसार गतवर्षको जिम्मेवारी रु २६५०१२९९ र यो वर्षको रु ४८३९३१४१ समेत आम्दानी रु ७४८९४४४०।– मा खर्च रु २७७५३२७० गरि बाँकि रु ४८९९४५४४ रहेको छ। यस कोषबाट गतवर्ष सन्चालित अधुरा योजना सन्चालनमा खर्च गरेको देखियो ।उक्त खर्च महालेखा नियन्त्रक कार्यालयद्वारा सन्चालित **SUTRA** प्रणालीमा समावेश गरेकोसमेत देखिएन । अत यस प्रकारको खाता बन्द गरि बाँकी मौज्दात रकम स्थानिय सन्चित कोष दाखिला गरिनु पर्ने देखिन्छ । | |
| १२ | **सशर्त कार्यक्रमतर्फः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| १२.१ | **संघीय सशर्त पूँजीगतः** यस कार्यक्रम अन्तरगत ४५ वटा गोश्वारा भौचरहरुबाट रु. ८६०६४१३८.०० खर्च लेखेको मध्ये रु १० लाख भन्दा बढिका १७ वटा गोश्वारा भौचर अनुसारको खर्च तथा पेश्की रु. ८२६९३४७३.०० को प्रमाणहरु लेखापरीक्षण गरियो यसमा देहायको व्यहोरा देखिएका छन् । | |
| १२.१.१ | **विद्यालय निकासा** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम २१ (३) अनुसार खर्च लेख्दा खर्चको बिल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । त्यस्तै शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न ८२ विद्यालय भौतिक निर्माणको खण्डमा विद्यालयले कूल लागत अनुमानको ५ प्रतिशत श्रमदान जुटाउनु पर्ने, विद्यालयसग सम्भौता भएको १५ दिन भित्र कार्य शुरु नगरेमा सो विद्यालयसगको सम्झौता रद्द गरि प्राथमिकतामा परेको अर्को विद्यालयलाई कार्यक्रम उपलब्ध गराउने व्यवस्था मिलाउने र विद्यालयसग सम्भौता भए पश्चात पहिलो किस्ताको रुपमा अनुदानको ३० प्रतिशत, स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात दोश्रो किस्ताको रुपमा ५० प्रतिशत र कार्यसम्पन्न गरे पश्चात नापीकिताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरि अन्तिम किस्ताको रुपमा कुल अनुदानको २० प्रतिशतले अनुदान रकम दिने व्यवस्था छ । तर नगरपालिकाले देहाय अनुसार विद्यालयलाई खरिदको मान्य विधी अनुसार खरिद प्रकृया तथा लेखापरीक्षण समेत विद्यालयले नै गराउने गरी अनुदान दिने आर्थिक प्रशासनको राय अनुसार निर्णय गरी खर्चको प्रमाण बेगर अनुदान निकासा दिएको देखियो । अतः सशर्त अनुदानमा खर्चको प्रमाणको आधार दिनु पर्दछ ।साथै देहाय अनुसार श्रमदानको सुनिश्चितता तथा नापि किताव र कार्य सम्पन्न प्रतिवेदन बेगर दिएको खर्च नियमसम्मत नदेखिएको रु | १५७००००० |

| गो.भौ.नं. | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| २-२०७६/९/३<br>१६-२०७६/१२/७<br>२७-२०७७/३/२२ | देवकोटा मा.वि. | पूर्वाधार निर्माण कार्यको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन एजबिल्ड ड्इङ्ग नभएको | १५०००००.०० |
| ३७-२०७७/३/३१ | भगवती मा.वि. बनकट्टी | वास सहितको शौचालय निर्माणको कार्यसम्पन्न प्रतिवेदन र नापीको मूल्यांकन नभएको | ७०००००.०० |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १२.१.२ | **निकासा बाँकीः** गो.भौ.नं. ४४-२०७७/३/३१ र ४५-२०७७/३/३१ मा नगरपालिकालाई संघीय सशर्त अनुदान अन्तरगत संघीय सरकारबाट वित्तिय हस्तान्तरण कार्यक्रम तर्फ आर्थिक वर्षको अन्तसम्म खर्च नभई बाँकी रहेको रकम संघीय संचित कोषमा दाखिलाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाएको हुनु पर्दछ । तर कार्यालयले आर्थिक वर्षको अन्तसम्म बाँकी | |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | रहेको रु. ३१२१७९८०.०० मध्ये रु. १३५८६२.०० मात्र फिर्ता पठाई रु. ३१०८२११८.०० बजेट खर्च देखाई विशेष कोष स्थापना गरेर सोही कोषमा राखेको देखियो । अतः आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नु पर्ने देखिएको रु. | ३,१०,८२,११८ |
| १२.१.३ | **सहकारी शित भण्डार निर्माणः** सहकारी शित भण्डार निर्माण सम्बन्धी मापदण्ड,२०७४ को दफा ६ मा शीत भण्डार निर्माण आयोजना बहुवर्षिय रुपमा २ वर्ष भित्र सम्पन्न गर्ने गरी व्यवस्था गर्नु पर्ने उल्लेख छ । नेपाल सरकारको ६० प्रतिशत र बाँकी ४० प्रतिशत प्रदेश सरकार,स्थानीय सरकार र स्थानीय सहकारी संस्थाहरुले बेहोर्ने गरी कुल लागत अनुमान रु. २४९९३११५३.७६ रहेकामा बिकोई/केशव शाह/समिर जे.भी.सँग रु. १९८२२०९१६.५८ को कबोल अंकमा २०७६/२/२४ मा ठेक्का सम्झौता गरी आ.व. २०७५/७६ मा पहिलो चरणमा रु. ३ करोड र २०७६/७७ मा गो.भौ.नं. ३४-२०७७/३/३० बाट रु. २ करोड कार्यालय मार्फत जिल्ला सहकारी संघ,नवलपरासी (ब.सु.प.) लाई निकासा दिएको देखियो । यो वर्ष दिएको खर्च रु २ करोडको विल भरपाई समेत पेश गरेको छैन । तर उल्लेखित मापदण्डको दफा ६ अनुसार तोकिएको अवधीमा निर्माण कार्य सम्पन्न हुन सक्ने देखिएन अतः उक्त मापदण्डको अनुसरण गरिनु पर्ने देखिन्छ ।साथै खर्च प्रमाणित हुने कागजात पेश गर्नु पर्ने रु | २००००००० |
| १२.१.४ | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दि | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | प्रगति मा.वि. स्वाठी | १० | १० | ४ | ३८८ | ३८.८ |
| २ | वाकबाणी मा.वि. जर्गाहा | १५ | १५ | ३ | ६९७ | ४६.५ |
| ३ | जगन्नाथ मा.वि. रामनगर | २२ | २१ | ३ | १३७४ | ६२.५ |
| ४ | भगवति मा.वि. हर्दियाचापी | १३ | १३ | ५ | ५०९ | ३९.२ |
| ५ | जनजागृति नि.मा.वि. तरगौली | ७ | ७ | ३ | १९२ | २७.४ |
| ६ | बनदेवी प्रा.वि. घिउडल्ला | ३ | ३ | | १७३ | ५७.७ |
| ७ | जनसेवा मा.वि. विसासय | २१ | २१ | १४ | ११७७ | ५६.० |
| ८ | महाकवि देवकोटा मा.वि सुनवल | २६ | २६ | ६ | २१५४ | ८२.८ |
| ९ | अरनिको मा.वि. शंकरपूर | ११ | ११ | ६ | ५०५ | ४५.९ |
| १० | सरस्वती प्रा.वि. मूखियाटोल | ३ | ३ | | ११६ | ३८.७ |
| ११ | बाल्मिकी प्रा.वि. तिलकना | १ | १ | | ६४ | ६४.० |
| १२ | सार्वजनिक नि.मा.वि. मिश्रौलिया | ६ | ५ | | २०५ | ३४.२ |
| १३ | ज्योति उ.मा.वि. असनैया | १७ | १७ | ९ | १११० | ६५.३ |
| १४ | रमवापुर मा.वि. रमवापूर | १२ | ११ | ३ | ५६६ | ४७.२ |
| १५ | धान्यचल महायज्ञ मा.वि. बडेरा | १४ | १४ | ५ | ६६० | ४७.१ |
| १६ | विरेन्द्र नि.मा.वि., सूनवल ४ | ५ | ५ | ३ | १७७ | ३५.४ |
| १७ | चन्द्रज्योती प्रा.वि. किर्तीपूर | ३ | ३ | | १५५ | ५१.७ |
| १८ | नवदूर्गा प्रा.वि. नदूवाटोला | ५ | ५ | | २१९ | ४३.८ |
| १९ | जनता प्रा.वि. हरकट्टा | ६ | ६ | १ | २८८ | ४८.० |
| २० | महलपोखरी प्रा.वि. महलपोखरी | १ | १ | | १२ | १२.० |
| २१ | सोमनाथ माध्यमिक विद्यालय | ८ | ८ | ४ | ३१७ | ३९.६ |
| २२ | जयश्री प्रा.वि. बेवरे | १ | १ | | १५ | १५.० |
| २३ | अमरज्योति प्रा.वि. बैरागनाथ | ३ | ३ | १ | १३७ | ४५.७ |
| २४ | बावा वर्दगोरीया प्रा.वि. | ३ | ३ | २ | १६४ | ५४.७ |
| २५ | जयदूर्गे प्रा.वि. फरौली | ३ | ३ | २ | १५९ | ५३.० |
| २६ | पञ्चरत्न प्रा.वि. पचभैया स्वाठी | ४ | ४ | ३ | ९४ | २३.५ |
| २७ | सूनवल मा.वि. बनाहा | ८ | ८ | ५ | २४७ | ३०.९ |
| २८ | जनज्योति प्रा.वि.सूनवल,ज्यामिरे | ३ | ३ | १ | ११३ | ३७.७ |
| २९ | जनज्योती प्रा.वि. हर्दियाचापी | १ | १ | | ५० | ५०.० |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३० | निशानीदेवी प्रा.बि. | १ | १ | | १६ | १६.० | |
| ३१ | जनशान्ति प्रा.वि. | १ | १ | | ४१ | ४१.० | |
| ३२ | गैडाखाल प्रा.वि. सूनवल | ३ | ३ | २ | १०३ | ३४.३ | |
| | जम्मा | २४० | २३७ | ८५ | १२१९७ | ५०.८ | |

उल्लिखत दरबन्दी बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाएर समायोजन तथा पदपूर्ति गर्नुपर्दछ ।

१२.२ **प्रदेश सर्शत पूँजीगत तर्फः** प्रदेश सशर्त पूँजीगत तर्फ १४ वटा गोश्वारा भौचरहरुबाट रु. १७८५९२८६.०० खर्च गरेको मध्ये ५ वटा गोश्वारा भौचरबाट गरिएको कार्यक्रमको खर्च परीक्षण गरी लेखापरीक्षण सम्पन्न गरीयो । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

१२.२.१ **पाईप खरिद र उपयोगः** गो.भौ.नं. ८-२०७७/३/३१ बाट कार्यालयले खरिद गरेको एच डी पी पाईपहरु जडान गरी उपयोग गरेको हुनु पर्दछ । कार्यालयले सुनवल वडा नं. १२ स्थित रामनगर खानेपानी आयोजना निर्माणका लागि प्रदेश सरकारबाट विनियोजित रु. १ करोड १० लाख नगरपालिकाबाट कार्यान्वयन गराउने व्यवस्था अनुसार मु.अ.कर र कन्टेन्जेन्सी समेत लागत अनुमान रु. १०९९९९९१.७३ गरी ठेक्का बन्दोबस्त गर्दा घटी कबोल गर्ने आपूर्तक पञ्चकन्या प्लाष्टिक प्रा.लि. को कबोल अंक रु. १०६४६२३६.०० स्वीकृत गरी खरिद गरेर रामनगर खानेपानी आयोजना निर्माण उपभोक्ता समितिलाई हस्तान्तरण गरी बुझाएको देखियो । जिल्ला स्थित खानेपानी आयोजनाहरुमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले समेत निर्माण गर्ने गरेकोमा स्थानीय तहबाटसमेत सोही कार्यमा खर्च गर्दा काममा दोहोरोपना हुन सक्ने जोखिम रहने देखिन्छ । एउटै आयोजनामा दुई वा सो भन्दा बढि निकायको सँलग्नता हुने भए स्पष्ट गरिएको हुनु पर्दछ । साथै यसरी कार्यालयले उपभोक्ता समितिलाई उपलब्ध गराएको खानेपानीका एच डी पी पाईपहरु जडान गरेको नापीको मूल्यांकन समेत गरेको नदेखिएकाले उपयोगको स्थिति यकिन भएन । अतः खानेपानीको पाईप खरिद तथा जडान कार्य समेतको लागत अनुमान सहित नापी किताब र कार्यसम्पन्न प्रतिवेदन समेत पेश गर्नु पर्ने देखिएको रु. १०६४६२३६

| बिजक नं. | मिति | रकम |
|---|---|---|
| १८९१ | | १०१७००.०० |
| १७१४ | २०७७/१/१४ | १२१६४६७.६० |
| १७१३ | २०७७/१/१४ | १२१६४६७.६० |
| १७१२ | २०७७/१/१३ | ८९५०९५.६० |
| १७११ | २०७७/१/१३ | ८९५०९५.६० |
| १७१० | २०७७/१/१२ | ८९५०९५.६० |
| १७०९ | २०७७/१/१२ | १३३३४७६.८४ |
| १७१८ | २०७७/१/१५ | १००५२६७.२१ |
| १७१७ | २०७७/१/१५ | ९७३३२९.१४ |
| १७१६ | २०७७/१/१५ | १०५९३०७.२० |
| १७१५ | २०७७/१/१५ | १०५४९३४.१० |
| | **जम्मा** | **१०६४६२३६.४९** |

१२.२.२ **उपभोक्ता समितिको अधुरो कार्यः** सार्वजनिक खरिद नियमावली,२०६४ कोनियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आँफैले सम्पन्न गर्नुपर्ने,कुनै कारणवस सो समिति वा समुदाय आँफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्ने र त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसंग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले उपभोक्ता समिति मार्फत गराएको देहायका कार्यहरु सम्झौतामा तोकिएको अवधी आर्थिक वर्ष भित्र सम्पन्न गरेको देखिएन अतः उपभोक्ता समितिबाट गराईएका कार्यहरु उल्लेखित नियमावली अनुसार सम्पन्न गरिनु पर्ने

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | देखिन्छ । | |

| गो.भौ.नं. र मिति | निर्माण कार्य/ उपभोक्ता समितिको नाम | लागत अनुमान | यो वर्षको खर्च | सम्पन्न गर्नु पर्ने मिति |
|---|---|---|---|---|
| २-२०७७/३/१५ | अरनिको मा.वि. भवन निर्माण उपभोक्ता समिति | ५१८६७५३ | २७१७१४९ | २०७७/३/३ |
| १५८-२०७७/३/१५ | जगन्नाथ मा.वि. जग्गा व्यवस्थापन तथा नाली निर्माण उपभोक्ता समिति | १६५२६१४ | १३५४५१५ | २०७७/३/१ |
| २९५-२०७७/३/३१ | हरकट्टा नविनटोल बाटो निर्माण उपभोक्ता समिति | २८२८१४४ | | २०७७/३/२२ |
| २९८-२०७७/३/३१ | अस्नैया बहुमुखि क्याम्पस भवन निर्माण उपभोक्ता समिति | २१९४०३१ | १३५४७४७ | २०७७/३/९ |

१२.२.३ **प्रदेश संचितकोष दाखिलाः** प्रदेश सरकारको हस्तान्तरीत कार्यक्रमको बजेटबाट कार्यक्रम कार्यान्वयन पश्चात आर्थिक वर्षको अन्तमा खर्च नभै बाँकी रहेको रकम प्रदेश संचित कोषमा दाखिला गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेमा कार्यालयले कुनै रकम स्थानीय संचित कोष र कुनै कार्यालयको विशेष कोषमा दाखिला गरेको देखियो । अतः देहाय अनुसारको बाँकी रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने देखिएको रु. — १०८८४२९

| गो.भौ.नं. र मिति | विवरण | दाखिला खाता | रकम |
|---|---|---|---|
| १२-२०७७/३/३१ | हस्तान्तरीत कार्यक्रमबाट कार्यक्रम कार्यान्वयनमा खर्च नभै बाँकी रहेको कन्टेन्जेन्सी रकम को.ले.नि.का फिर्ता नगरी स्थानीय संचितकोषमा दाखिला गरेको | स्थानीय संचितकोष | ३०५४७८.० |
| १३-२०७७/३/३१<br>१४-२०७७/३/३१ | हस्तान्तरीत कार्यक्रमको कार्यान्वयन पश्चात आर्थिक वर्षको अन्तमा बाँकी रहेको ९२३५६५ मध्य रु. १४०७१४.०० मात्र को.ले.नि.का. फिर्ता गरी रु. ७८२८५१.०० कार्यालयले विशेष कोषखाता स्थापना गरि सोही खातामा राखेको | विशेष कोष खाता | ७८२९५१.० |
| | **जम्मा** | | **१०८८४२९.०** |

१२.३. **संघीय सशर्त चालु तर्फः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

१२.३.१ **नीजि श्रोतका शिक्षकको तलब भत्ता-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तह लाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्नेगरी शैक्षिक सत्र २०७६का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गतविगत देखि नै आन्तरिक स्रोतबाट तलबभत्ता व्यहोरेका शिक्षकलाई शिक्षण सहयोग अनुदान रु ८ लाख र व्यवस्थापन अनुदान रु १५लाख तथा सुदृढिकरण रु १५ लाख समेत रु ३८ लाख भुक्तानी गरेको देखियो।यस सम्बन्धमा गत वर्ष समेत औंल्याइएकोमा त्यसतर्फ सुधार नगरी पुनराबृत्ति हुनु उचित होइन । अतः यसमा सुधार गरीनु पर्दछ । साथै उक्त खर्च नियमसम्मत नदेखिएको रु — ३८०००००

| क्र.सं. | विद्यालयको नाम | व्यवस्थापन अनुदान | शिक्षण सहयोग अनुदान | बा.बि.के. सुदृढीकरण | जम्मा |
|---|---|---|---|---|---|

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रगति मा.वि. स्वाठी | ५९,००० | | १००,००० | १५९,००० |
| २ | वाकबाणी मा.वि. जर्गाहा | ५९,००० | | | ५९,००० |
| ३ | जगन्नाथ मा.वि. रामनगर | ५९,००० | | | ५९,००० |
| ४ | भगवति मा.वि. हर्दियाचापी | ५९,००० | | | ५९,००० |
| ५ | जनजागृति नि.मा.वि. तरगौली | ४०,००० | | १००,००० | १४०,००० |
| ६ | बनदेवी प्रा.वि. घिउडल्ला | ४०,००० | ६०,००० | १००,००० | ३०५,२०० |
| ७ | जनसेवा मा.वि. विसासय | ५९,००० | | | ५९,००० |
| ८ | महाकवि देवकोटा मा.वि सुनवल | ५९,००० | | | ५९,००० |
| ९ | अरनिको मा.वि. शंकरपूर | ५९,००० | | | ५९,००० |
| १० | सरस्वती प्रा.वि. मुखियाटोल | ४०,००० | ६०,००० | | ७०५,२०० |
| ११ | बाल्मिकी प्रा.वि. तिलकना | ३०,००० | १७५,००० | २००,००० | ५१०,२०० |
| १२ | सार्वजनिक नि.मा.वि. मिश्रौलिया | ४०,००० | | | ४०,००० |
| १३ | ज्योति उ.मा.वि. असनैया | ५९,००० | | | ५९,००० |
| १४ | रमवापुर मा.वि. रमवापूर | ५९,००० | | २००,००० | २५९,००० |
| १५ | धान्यचल महायज्ञ मा.वि. बडेरा | ५९,००० | | १००,००० | १५९,००० |
| १६ | विरेन्द्र नि.मा.वि., सूनवल ४ | ४०,००० | | | ४०,००० |
| १७ | चन्द्रोदय प्रा.वि. किर्तीपूर | ४०,००० | | | १०४,५०० |
| १८ | नवदूर्गा प्रा.वि. नदूवाटोला | ४०,००० | | | ४०,५०० |
| १९ | जनता प्रा.वि. हरकट्टा | ४०,००० | | २००,००० | २४०,००० |
| २० | महलपोखरी प्रा.वि. महलपोखरी | ३०,००० | ७३,५०० | | १५४,७०० |
| २१ | सोमनाथ .मा.वि. | ४०,००० | | | ४०,००० |
| २२ | जयश्री प्रा.वि. वेवरे | ४०,००० | ६०,००० | | १०७,५०० |
| २३ | अमरज्योति प्रा.वि. वैरागनाथ | ४०,००० | १०६,५०० | १००,००० | ३११,००० |
| २४ | बावा वर्दगोरीया प्रा.वि. | ४०,००० | | | ८४,००० |
| २५ | जयदूर्गे प्रा.वि. फरौली | ४०,००० | | १००,००० | २३८,२०० |
| २६ | पञ्चरत्न प्रा.वि. पचभैया स्वाठी | ४०,००० | | | ५८८,२०० |
| २७ | सूनवल मा.वि. बनाहा | ४०,००० | | | ४०,००० |
| २८ | जनज्योति प्रा.वि.सूनवल,ज्यामिरे | ४०,००० | ४५,००० | २००,००० | ३५३,७०० |
| २९ | जनज्योती प्रा.वि. हर्दियाचापी | ३०,००० | १७५,००० | | २१२,५०० |
| ३० | युगज्योती प्रा वि | ४०,००० | ४५,००० | १००,००० | २५३,७०० |
| ३१ | निशानीदेवी प्रा.वि. | ३०,००० | | | ७४,००० |
| ३२ | जनशान्ति प्रा.वि. | ३०,००० | | | १३५,२०० |
| ३३ | सेवासदन प्रा.वि. | ४०,००० | | | ८४,००० |
| ३४ | गैडाखाल प्रा.वि. सूनवल | ४०,००० | | | ८८,२०० |
| | जम्मा | १५००००० | ८००००० | १५००००० | ३८००००० |

१२.३.२ **पाठ्यपुस्तक सोधभर्ना** नगरपालिकाले विद्यालयहरुलाई पाठ्य पुस्तक खरिदको रकम शोधभर्ना गर्दा विद्यालयले पुस्तक खरिद गरेको बील र वितरणको प्रमाण तथा ईएमआइएस प्रतिवेदनको आधारमा निकासा दिएको हुनु पर्दछ । तर कार्यालयले विद्यालयबाट पाठ्यपुस्तक खरिदको बिल भर्पाई माग गर्ने नगरी विद्यालयको माग बमोजिम पाठ्यपुस्तक को रकम सोधभर्ना गर्ने गरिएको छ । पुस्तकको संख्या र अध्ययनरत विद्यार्थी संख्यामा जुन घटि हुन्छ सोही संख्याको पुस्तकको रकम सोधभर्ना गरेको हुनुपर्दछ । लेखा परीक्षणमा छनौट गरिएका ९ वटा विद्यालय मध्ये ३ वटा विद्यालयलाई देहाय अनुसार बढि सोधभर्ना गरेको देखियो अन्य २५ वटा विद्यालयमा समेत बढी सोधभर्ना गरेको

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | हुन सक्ने भएकोले कार्यालयकै तर्फबाट यकिन गरी बढी गएको भए असुल गरिनु पर्दछ । साथै देहायको रकम असुल गर्नुपर्ने देखिएको रु | ९३६५७.०० |

| क.सं | विद्यालयको नाम | दिनु पर्ने | दिइएको | बढी |
|---|---|---|---|---|
| १ | श्री अरनिको मा.वि. | २६२७९२ | २७९३५९ | १६५६७ |
| २ | श्री रमवापुर मा.वि. | ३१९७२८ | ३४९७५६ | ३००२८ |
| ३ | श्री महाकवि देवकोटा मा.वि. | ६६०७०३ | ७०७७६५ | ४७०६२ |
| | जम्मा | | | ९३६५७ |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १२.३.३ | **संघीय सशर्त चालु (स्वास्थ्य) तर्फः** कार्यालयले आफ्नो कार्यालय परिस भित्र संचालन गर्ने तालिम,गोष्ठी,सेमिनार,अभिमुखिकरण कार्यक्रम आदिमा कार्यालयकै कर्मचारी/पदाधिकारीहरु सहभागी भएको अवस्थामा यातायात खर्च दिन मिल्ने कानूनी प्रावधान देखिदैन । पालिकाले नगर कार्यपालिकाको परिसर भित्र सञ्चालन भएको अन्तरक्रिया कार्यक्रम/अभिमुखिकरण गोष्ठीमा कार्यालयकै पदाधिकारी/कर्मचारीहरुलाई निम्न बमोजिम यातायात खर्च रु. २९०००.०० सम्बन्धित बाट असुल गर्नु पर्ने देखिएको रु. | २९०००.०० |

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | सहभागी संख्या | प्रति व्यक्ति दर | जम्मा रकम |
|---|---|---|---|---|
| २१-२०७६/९/३ | औलो रोग सम्बन्धी छलफल अन्तरक्रियक कार्यक्रम | २४ जना | ५०० | १२०००.०० |
| ८९-२०७६/३/३१ | दादुरा रुबेला राष्ट्रिय खोप अभियान २०७६ नगर स्तरीय अभिमुखिकरण गोष्ठी | ३८ जना | ५०० | १७०००.०० |
| | **जम्मा** | | | **२९०००.००** |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १२.३.४ | **सामाजिक सुरक्षा तर्फ बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकीन गर्नु पर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नु पर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।तर पालिकाले लाभग्राहीको लगत अद्यावधीक नगरी एउटै चौमासिकमा सबै ब्यक्तिको नाममा दोहोरो निकासा हुने गरी खर्च लेखेको, मृत्यु भइसकेको लाभग्राहीको लगत कट्टा नगर बढी खर्च गरेका छन् । तसर्थ पालिकाले लागग्राही लगत अद्यावधिक गरी निम्नानुसारको बढी खर्च लेखेको रकम असुल हुनु पर्ने रु. | १,२३,२०० |

| वडा नं | नाम | जन्म मिति | ना.प्र.प.नं. | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | जम्मा रु |
|---|---|---|---|---|---|---|---|
| ३ | भरत सुनार | ११/१४/२०५२ | ३६०१७३०५४७५ | | ८,००० | | ८००० |
| १ | बल बहादुर कुमाल | १२/३०/२००४ | ४१८९ | १०,४०० | १०,४०० | १०,४०० | ३१२०० |
| ८ | तुलसी गुरुङ्ग | ११/२६/२०३६ | ६००१२ | ८,००० | ८,००० | ८,००० | २४००० |
| ९ | सावित्री खत्री क्षेत्री | १०/०५/२००५ | १९९६३ | १२,००० | १२,००० | १२,००० | ३६००० |
| १० | भैखु गुरुङ्ग | ०१/०४/२००६ | ६९६ | ८,००० | ८,००० | ८,००० | २४००० |
| | | | **जम्मा** | **६८,८००** | **७६,८००** | **६८,८००** | **१२३,२००** |

| सि न | गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १२.३.५ | **सशर्त तर्फः** गो भौ न ७६।२०७७।३।३१ मा आयकर ऐन,२०५८ को दफा ८८ (१) (५) मा बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत बहाल कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले भकारो सुधार कार्यक्रम अन्तरगत कृषकहरुलाई मलखाद व्यवस्थापन गर्ने प्रयोजनका लागि किनिएको ५१ ठेलागाडा बुटवलबाट सुनवलसम्म ल्याउन प्रयोग गरीएको गाडी भाडा रु. १५०००.०० मा १० प्रतिशत रु १५०० कट्टी गर्नु पर्नेमा रु. ३७५ मात्र कर कट्टी गरि | |

<table>
<tr><th>सि न</th><th>गो भौ न र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>घटि कट्टी गरेको रु. ११२५ सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु</td><td>११२५.००</td></tr>
<tr><td>१२.३.६</td><td>सशर्त शिक्षा तर्फः अनुदानको अनुगमनः ५९-२०७७/३/१६ कार्यालय आफुले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि खर्चको प्रमाण प्राप्ति तथा कामको अनुगमनको व्यवस्था गर्नु पर्दछ । नमुना छनौटबाट परीक्षण गर्दा कार्यालयले निम्न विद्यालयहरुलाई विभिन्न शीर्षक अन्तरगत रहेर रु. ३९००००.०० अनुदान निकासा दिएकोमा विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा खर्चका प्रमाणहरु पेश गर्ने गरेको देखिएन । अनुदानको अनुगमन र खर्चका प्रमाणहरु संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ खर्चको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश हुनु पर्ने देखिएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>अनुदान प्रयोजन</th><th>अनुदान रकम रु.</th></tr>
<tr><td>१</td><td>अरनिको मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५०००.००</td></tr>
<tr><td>२</td><td>ज्योति मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५०००.००</td></tr>
<tr><td>३</td><td>धान्याञ्चल मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५०००.००</td></tr>
<tr><td>४</td><td>वाक्वाणी मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५०००.००</td></tr>
<tr><td>५</td><td>रमवापुर मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५०००.००</td></tr>
<tr><td>६</td><td>प्रगति मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३९००००.००</td></tr>
</table></td><td></td></tr>
